आ.व. २०७९/८० मा स्वास्थ्य कार्यालयहरूबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरूको सञ्चालन मापदण्ड, २०७९

मिति २०७९/०५/२० (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरु

(१) हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यो मापदण्ड राम्ररी अध्ययन गर्नुपर्नेछ।

(२) यस मापदण्डमा उल्लेखित कुरालाई पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको हुनेछ।

(३) कार्यक्रम शुरु गर्नु पूर्व कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति,सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम सञ्चालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(५) यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका ऐन नियमहरुको परिधि भित्र रही कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र सम्बन्धित महाशाखाहरु/ केन्द्रहरुबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(६) कार्यक्रम सञ्चालन गर्दा तोकिएको चौमासिक भित्र सञ्चालन गर्नु पर्नेछ। यदि समयमा कुनै कार्यक्रम सञ्चालन गर्न नसकिएमा उपयुक्त कारण सहितको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा समयमै उपलब्ध गराउनु पर्नेछ।

(७) यस आ. व. को आर्थिक दायित्व आगामी आ. व. मा सर्ने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन।

(८) सम्पादित कृयाकलापको आन्तरिक र बाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ।

(९) गण्डकी प्रदेश, अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०७८/७९ को पूर्ण पालना गर्नुपर्नेछ। सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ समेत अनुसरण गर्नुपर्नेछ।

(१०) यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएतापनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४

(संशोधन सहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७५ भ्रमण खर्च नियमावली, २०६४ को परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(११) कार्यक्रमको वित्तीय प्रगति मासिक रूपमा र भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ।

(१२) हरेक कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रगति प्रतिवेदन मासिक रूपमा र भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ।

(१३) यस मापदण्डको विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ।

नोट: प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

विषय सूचीः

१. महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षिय निकायहरुवीच समन्वयत्मक वैठक, RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम 5

२. सरुवा रोग (कोभिड १९, क्षयरोग, डेंगु आदि) को केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ 7

३. निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुमति, अनुगमन सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण 9

४. स्थानीय तहको साक्षेदारीमा पूर्वप्रसुति र उत्तरप्रसुती (ANC & PNC) का घर घरमा स्वास्थ्य कर्मी सेवा कार्यक्रम 11

५. उच्च मातृ तथा नवशिशु मृत्युभएका स्थानीय तहमा समुदायमा आधारित एम पि डि एस आर कार्यक्रम सञ्चालन 15

६. खानेपानी आयोजनाको वातावरणिय लेखाजोखा / निशुल्क खानेपानी परीक्षण / खानेपानी परिक्षण प्रतिवेदन सार्वजनिकिकरणको साथै जनचेतना अभिवृद्धि कार्यक्रम 17

७. विषादी रहित खाद्य तथा पोषण प्रवर्द्धन कार्यक्रम 19

८. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (मानसिक तथा किशोर किशोरी प्रजनन् स्वास्थ्य) 21

९. बैदेशिक रोजगारीमा जाने युवा/युवतीहरुको लागि स्वास्थ्य सचेतनामुलक कार्यक्रम एवं स्वास्थ्य परिक्षण........ 23

१०. बार्षिक प्रतिवेदनको तयारी तथा छपाई 25

११. स्वास्थ्य सम्बन्धी जोखिम सञ्चार अभिमुखिकरण तथा जनचेतना वृद्धिका लागि मिडिया परिचालन 28

१२. एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवालाहरु बीच समीक्षा तथा अभिमुखिकरण........ 30

१३. पहुँच कम भएका स्थानहरुमा परिवार नियोजन सेवा 32

१४. पारिवारिक तथा जनसाख्यिक लगत संकलन 34

१५. क्षयरोग स्क्रिनिङ्ग तथा कन्ट्याक्ट ट्रेसिङ्ग 36

१६. एच.आई.भी. तथा अन्य रोगहरुको सर्भिलेन्स........ 38

१७. स्थानीय तहहरूका स्वास्थ्य प्रमुखहरुलाई स्वास्थ्य कार्यक्रमहरूको जिल्ला स्तरमा चौमासिक बैठक तथा योजना तर्जुमा 40

१८. टोल विकास / सहकारी / आमा समूहमा स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रम 42

१९. यस अघि तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई IHMIS / DHIS - २ तालिम........ 43

२०. स्थानीय तहसंगको समन्वयमा (खोप पोषण परिवार नियोजन सुरक्षित मातृत्वसंग) सम्बन्धित सुचकहरु सुधार हुने गरि एकीकृत सुक्ष्मयोजना तयारी........ 45

२१. स्वास्थ्य स्वयंसेविका भत्ता 48

२२. औषधीहरुको बफर स्टक पाईलिङ् 50

२३. स्वास्थ्य सामग्री, औषधी, उपकरणको प्याकिङ्ग एवं ढुवानी 52

२४. तथ्याङ्कको गुणस्तर सुधारका लागि आर डी क्यू ए........ 54

२५. नवलपरासी जिल्लाका सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरुलाई तालिम तथा उपचार केन्द्रमा सामाग्रि खरीद तथा व्यवस्थापन 56

२७. जेष्ठ नागरिक अल्जाइमर रोगको स्क्रिन टेष्ट, पोखरा १७ 58

२८. स्वास्थ्यकर्मीहरुका लागि High Altitude Sickness सम्वन्धि तालिम तथा अभिमुखिकरण 60

२९. कार्यालय भवनको छतमा ट्रष्ट एवं हल निर्माण / चमेना गृह निर्माण / तालिम हल निर्माण / कार्यालय भवन, शौचालय एवं कम्पाउण्ड पर्खाल मर्मत सम्भार (आदी निर्माण सम्वन्धी कार्य) 62

३०. कार्यालयका लागि आवश्यक मेसिनरी औजार उपकरण खरिद / इन्भटर / सोलार / Power Backup 64

३१. कार्यालयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद 66

३२. स्वास्थ्य कार्यालय, लमजुङको P-LMBIS मा प्रविष्टि भएको तपसिल बमोजिमका लमजुङ अस्पताल, लमजुङ तर्फका कार्यक्रमहरु आ.व. २०७९/०८० मा अस्पतालहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको सञ्चालन मापदण्ड बमोजिम गर्ने । 67

१. महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षिय निकायहरुवीच समन्वयत्मक वैठक, RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१०	२२५२२	३	पटक	पहिलो, दोश्रो, तेश्रो	स्वास्थ्य कार्यालयहरु (सबै) - १५०

विषयवस्तु	विवरण
परिचय	कुनै पनि समय र स्थानमा सरुवारोगको महामारी/प्रकोपको अवस्था सिर्जना हुन सक्छ। त्यसैले यसको रोकथामको लागि योजना बनाउनु पर्दछ र आवश्यकता अनुसार Rapid Response Team (RRT) परिचालन गर्नु पर्ने हुन्छ। यसमा हालसम्म तयार भएका यसै विषयसंग सम्बन्धित बिभिन्न निर्देशिकाहरुको अभिमुखीकरण गर्नुपर्ने र बहुनिकाय बैठक गर्नु पर्ने आवश्यकता हुन्छ।त्यस्तै जनचेतना, अभिमुखीकरण, जनशक्ति परिचालन संगै आवश्यक औषधीको व्यवस्थापन गर्न महत्वपूर्ण हुन्छ।विपत प्रतिकार्य योजना तथा कन्टेन्जेन्सी योजना तयार गरी राख्नाले समेत महामारी रोकथाम र प्रतिकार्य गतिविधि सहज रुपले सञ्चालन गर्न सकिने र जनधनको क्षति न्यूनीकरण, रोकथाम, व्यवस्थापन तथा नियन्त्रण गर्न सहज हुन्छ।
उद्धेश्य	जिल्ला तथा स्थानीय तहमा महामारीको अवस्थाको लागि पूर्वतयारी, जोखिमको न्यूनीकरण, रोकथाम, व्यवस्थापन तथा नियन्त्रण गर्नु।
अपेक्षित प्रतिफल	प्रकोप / महामारी / विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहने तथा त्यसको समयमै व्यवस्थापन भएको हुनेछ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सवै
कार्य सञ्चालन प्रक्रिया	१) **जिल्ला स्तरीय महामारीको बहुनिकाय समन्वय बैठक** जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा स्वास्थ्यसँग सम्बन्धीत महामारी जन्य अवस्थाको प्रस्तुति छलफल तथा रोकथाम बारे तत्काल एवं दिर्घकालिन योजना बनाई कार्यान्वयन गर्ने। **सहभागीहरू :-** स्वास्थ्य कार्यालयका कर्मचारीहरु, स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, जिल्ला समन्वय समितिका प्रमुख, रेडक्रस, खानेपानी तथा सरसफाई कार्यालय नेपाली सेना, प्रहरी कार्यालय र जिल्ला विपद व्यवास्थापन समिति अस्पताल ,Emergency Medical Team

विषयवस्तु	विवरण
	(EMT)जिल्ला , स्थीत RRT अन्य सम्बन्धित प्रतिनिधिलाई सहभागी गराई अन्तर्क्रिया गर्नुपर्नेछ ।जसका करिब ४० जनाको सहभागिता गराई कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । **२) RRT परिचालन कार्यक्रम** महामारी प्रकोपको नियन्त्रणमहामारी रोग उपचार तथा रोकथाम, गर्नु परेमा अन्य सम्बन्धित शीर्षकको दैनिक भ्रमण भत्ताको शीर्षकबाट खर्च गर्ने गरी कार्यालय प्रमुखबाट स्विकृत गरी RRT टोली परिचालन गर्न सकिने छ महामारीको अवस्थामा महामारी व्यवस्थापन गर्नको लागि स्वास्थ्यकर्मीहरु परिचालन गर्नुपर्ने हुन्छ । महामारी व्यवस्थापनका लागि मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत, प्रयोगशालकर्मि, मेडिकल रेकर्डर, हे.अ/ सि.अ.हे.व, प.हे.न, तथ्याङ्क अधिकृत परिचालन गर्न सकिने छ ।महामारीको बेलामा नमूना संकलनको लागि आवश्यक पर्ने सामग्रीहरु स्टकमा राख्नु पर्नेछ ।प्रकोपको सूचना प्राप्त भएपछि प्रकोप सम्बन्धी विवरण तथा सञ्चालन भएका क्रियाकलापहरु नियमित रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रतिवेदन गर्नु पर्दछ ।
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन नियम बमोजिम बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ। RRT वैठक, अभिमुखीकरण, RRT परिचालन शीर्षक प्रत्येकमा कम्तिमा रु .३० हजारका दरले वजेट वाँडफाँट गरी खर्च गर्नुपर्नेछ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय पोखरा ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

२. सरुवा रोग (कोभिड १९, क्षयरोग, डेंगु आदि) को केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४११	२२५२२	३	पटक	पहिलो, दोश्रो, तेश्रो	स्वास्थ्य कार्यालयहरु (सबै) - १५०

विषयवस्तु	विवरण
परिचय	प्रत्येक वर्ष गण्डकी प्रदेशका समथर वस्ती, शहरी वस्ती, घना बस्तीमा प्राय: महामारीको रुपमा देखा परिरहने क्षयरोग, डेँगु ,औलो र अन्य सरुवा रोगको महामारी फैलिएको पाईन्छ। क्षयरोगको विश्व स्वास्थ्य संगठनले अनुमान गरे अनुसारका विरामीहरु दर्ता नहुनु, कोभिड-१९ र डेँगु लगाएत अन्य नयाँ किटजन्यरोगहरु दिन प्रतिदिन थपिनु तथा समयमै रोग पत्ता नलाग्नु, पत्ता लागेको रोगहरु समेत समयमै संम्वन्धित निकायमा प्रतिवेदन ढिलो हुनुले गर्दा समुदायमा रोग नफैलियोस भनी द्रुतरुपमा त्यस्ता बिरामी प्रमाणित भएमा साथै अन्य शंकास्पद विरामीको खोजपड्ताल र सम्पर्क परीक्षण (Contact Tracing) गर्नका लागी यो कार्यक्रम राखिएको छ ।
उद्देश्य	• कोभिड-१९, क्षयरोग, डेगु आदि सरुवा रोगहरुको समयमै पहिचान र नियन्त्रण गरी समुदायमा फैलनबाट रोक्न । • Contact Tracing गरी प्रारम्भीक अवस्थामा संक्रमित पत्ता Quarantine र Isolation मा राखि व्यवस्थित गर्न सहयोग पूग्ने ।
अपेक्षित प्रतिफल	महामारी तथा सरुवा रोगहरु नियन्त्रण भई समुदायस्तरमा फैलनबाट रोकिनेछन् ।
कार्यक्रम संचालन गर्ने निकाय	• स्थानीय तह सँग समन्वय गरी स्वास्थ्य कार्यालयहरुबाट ।
कार्यसंचालन प्रकृया	• सवै स्वास्थ्य केन्द्र, अस्पताल, नीजि क्लिनिक, प्रयोगशालाबाट विरामीको लगत संकलन गर्ने । • विरामीको घर ठेगाना पत्ता लगाई भेट गर्ने । • बिरामीको सम्पर्कमा आएका व्यक्तिहरुको सूची तयार गर्ने। • यसरी पहिचान भएका शंकास्पद विरामीको प्रारम्भिक परीक्षण RDT, माईक्रोस्कोपिक साथै जिन एक्स्पर्टबाट र अन्य बिधिबाट गर्ने ।

विषयवस्तु	विवरण
	● परीक्षणबाट पोजिटिभ नतिजा देखिएमा त्यस बस्तीका व्यक्तिहरुलाई अवस्था हेरी कोभिड १९ को हकमा आईसोलेसन तथा क्वारेन्टाईनमा व्यवस्थापन गर्ने। ● डेगु देखिएको अबस्थामा समुदाय परिचालन गरी **खोज र नष्ट गर** अभियान तथा Contact Tracing गरी समुदाय घर वगैचा आदी स्थानमा रहेका भाँडा, टायर, प्लाष्टिक आदिमा जम्मा भएको पानी पोखिदिने र यो प्रक्रिया हरेक हप्ता गर्नका लागि समुदायलाई प्रेरित गर्ने। ● सरुवा रोग अनुसार (TB, COVID-१९, Dengue) आदीको Orientation package तयार गरि Orientation गर्ने। ● एक पटकमा कम्तिमा ३० जना सम्मको परिक्षण गर्ने। ● सिकिस्त खालका विरामी देखा परेमा तोकीएको Dedicated अस्पतालमा पठाउने। ● रिपोटिङ सिस्टमको विकास गर्ने। ● केश इन्भेष्टिगेसन र कन्ट्याक्ट ट्रेसिङबाट प्राप्त नतिजाको आधारमा उपचार र नियन्त्रण कार्यको लागि सम्बन्धीत निकायलाई प्रतिवेदन गर्ने। ● यस कार्यका लागि स्थानिय तह, स्वास्थ्य संस्थाका प्राविधिक, महिला स्वास्थ्य स्वयम सेविका, जनप्रतिनिधि, आयुर्वेद सस्था, महिला समूह आदिलाई जिम्मेवारी वनाई एकिकृत रुपमा कोभिड-१९, क्षयरोग, डेंगु रोकथाम र नियन्त्रणका क्रियाकलाप संचालन गर्ने साथै सुचना बोर्डहरु राख्ने। ● एक पटकमा सम्बन्धित स्थानिय तहबाट प्रयोगशालाकर्मि, पारामेडिक्स, नर्सिङ, स्वास्थ्य कार्यालयबाट फोकल पर्सन, कार्यालय प्रमुख तथा प्रमुख जिल्ला अधिकारी समेत गरी बढीमा ४ जना सहभागि भइ काम गर्ने। ● विपदको अवस्था हेरी परिक्षण किट अभाव भएमा नियमानुसार खरिद गरी तत्कालै व्यवस्था गर्न सकिनेछ।
बजेट बाँडफाट	प्रचलित आर्थिक ऐन नियम बमोजिम बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसख्या मन्त्रालय।
प्रतिवेदन	कार्यक्रम संचालन पश्चात, मासिक, चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा पेश गर्ने।

३. निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुमति, अनुगमन सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१२	२२५२२	३	पटक	पहिलो, दोश्रो, तेश्रो	कास्की, बाग्लुङ, तनहुँ, स्याङ्जा, गोरखा, लमजुङ, पर्वत, म्याग्दी, नवलपुर – १५०, मनाङ र मुस्ताङ - १००

विषयवस्तु	विवरण
परिचय	नेपालमा नीजि स्तरमा धेरै स्वास्थ्य सस्थाहरु सन्चालनमा रहेका छन। जनस्वास्थ्य सेवा ऐन २०७५, जनस्वास्थ्य सेवा नियमावली २०७७, स्वास्थ्य सस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड २०७० तथा स्वास्थ्य सस्था सञ्चालन मापदण्ड २०७७(पहिलो ससोधन २०७८) साथै गण्डकी प्रदेश सरकारको स्वास्थ्य संस्थाको स्वीकृति, नविकरण, अनुगमन तथा नियमन गर्ने कार्यविधि २०७७ बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने नीजि स्वास्थ्य सेवा प्रदायक सस्थाको नियमित अनुगमन तथा मुल्याकनको आधारमा निजी स्वास्थ्य संस्था संचालन (आधुनिक तथा आयुर्वेद चिकित्सा) अनुमति, अनुगमन सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण गर्ने गरी यो कार्यक्रम राखिएको हो।
उद्देश्य	जिल्लाभित्र रहेका नीजि स्वास्थ्य सस्थाको अनुगमन गर्ने।
अपेक्षित प्रतिफल	सबै नीजि स्वास्थ्य सस्थाहरु दर्ता भै गुणस्तरिय सेवा दिन सक्षम हुने तथा जनस्वास्थ्यका सेवाहरु स्वास्थ्य कार्यालयहरुमा समन्वय गरी सन्चालन भएको हुनेछ।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै।
कार्य संचालन प्रकृया	• जनस्वास्थ्य सेवा ऐन २०७५, जन स्वास्थ्य सेवा नियमावली २०७७, स्वास्थ्य सस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड २०७० तथा स्वास्थ्य सस्था सञ्चालन मापदण्ड २०७७ (सशोधन २०७८) का बारेमा जानकारी गराउने। • चेकलिष्ट बनाइ अनुगमन गर्ने। • न्युनतम मापदण्द नपुगेको अबस्थामा सेवा मापदण्द पुऱ्याउन समय दिने। • न्युनतम मापदण्द पुगेको अबस्थामा स्वीकृति दिने वा नबिकरणका लागि सिफारिस गर्ने।

विषयवस्तु	विवरण
	• जम्मा आम्दानिको १० प्रतिशत निशुल्क उपचार दिएको अभिलेख राख्न लगाउने। • निशुल्क उपचार पाउने बिरामीहरुको सेवा शुल्क तथा जनशक्तिको बिबरण नागिरक बडापत्र बनाइ राख्ने । • तोके बमोजिम राजश्व जम्मा गराउने । • अनुगमनको क्रममा दिइएको निर्देशन नमानेमा सस्था बन्द गराउन सकिने छ।
बजेट बाँडफाड	प्रचलित ऐन, नियम, मापदण्ड बमोजिम बजेट बाँडफाँड गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय, पोखरा ।
प्रतिवेदन	कार्यक्रम सचालन पश्चात, चौमासिक तथा बार्षिक प्रतिवेदन स्वास्थ्य कार्यालय पोखरा मार्फत स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा पेश गर्ने ।

४. स्थानीय तहको साक्षेदारीमा पूर्वप्रसुति र उत्तरप्रसुती (ANC & PNC) का घर घरमा स्वास्थ्य कर्मी सेवा कार्यक्रम

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१३	२२५२२	३	पटक	पहिलो, दोश्रो, तेश्रो	कास्की, बाग्लुङ, तनहुँ, स्याङ्जा, गोरखा, पर्वत, म्याग्दी, नवलपुर – ४५०, लमजुङ - ३००, मनाङ र मुस्ताङ - २००

विषयवस्तु	विवरण
परिचय	हाम्रो देशको मातृशिशु मृत्युदर उल्लेखनिय रुपमा घटाउन नसकिरहेको अवस्थामा आमाहरुको मृत्यु सबैभन्दा धेरै पूर्व प्रसुति र सुत्केरी समयमा भएको पाईएको छ। पूर्व प्रसुति जाँच कम्तिमा पनि तोकिएको मापदण्ड अनुसार गर्न अभिप्रेरित गर्ने र सुत्केरी र नवशिशुलाई घरमै पुगि परीक्षण गरी उपचार र सल्लाह दिनुपर्ने छ ।नेपालको सन्दर्भमा हेर्ने हो भने सुत्केरी महिलाहरु सुत्केरी भएको १०-१२ दिनसम्म घर बाहिर निस्कने चलन नभएको हुँदा उक्त समयमा नै आमा र बच्चा दुबैको स्वास्थ्यमा जटिल समस्या आउन सक्ने सम्भावना बढी हुने हुँदा उक्त सम्भावित स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै नजिकको स्वास्थ्य संस्थामा कार्यरत अ.न.मी. /स्टाफ नर्स द्वारा आमाहरुको घर घरमा गई स्वास्थ्य जाँच गरी जटिलताहरु समयमानै पहिचान गरी सो को व्यवस्थापन वा प्रेषण गर्न यो कार्यक्रम राखिएको हो।
उद्धेश्य	• गर्भवती महिलाको तोकिएको समयमा ८ पटक गर्भवती परीक्षण र Iron Compliance बढ्नु, • आमा र बच्चाको स्वास्थ्यको लागि पूर्ण स्तनपान, खोप, पोषण, परिवार नियोजन आदिको बारेमा सरसल्लाह दिई व्यवहार परिवर्तन गराउनु। • सुत्केरी भएको ३, ७, १४ र ४२ औं दिनमा सुत्केरीको घरमा गई आमा तथा नवशिशुको जाँच गरी जटिलताका अवस्थाहरु समयमा नै पहिचान तथा व्यवस्थापन गरी मातृ तथा शिशु बिरामीदर र मृत्युदर कम गर्नु।
अपेक्षित प्रतिफल	• गर्भवति अवस्थामा ८ पटक परीक्षण भई हुन सक्ने जटिलता कम भएको र सुत्केरीको समयमा जटिलता कम भई आमा र नवशिशुको रोग र मृत्युदरमा कमी आएको हुनेछ।

विषयवस्तु	विवरण
	• PNC को समयमा हुन सक्ने जटिलताहरुमा कमि आउनुको साथै नवशिशुको स्वास्थ्यमा हुन सक्ने समस्याहरुको अग्रिम पहिचान भई हुन सक्ने जटिलता र मृत्युदरमा कमि आउने र प्रोटोकल अनुसारको PNC को दरमा वृद्दि हुनेछ । Iron Compliance पूरा भएको हुनेछ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालयले स्थानीय तहहरुको समन्वयमा समुदाय स्तरमा सञ्चालन गर्ने ।
कार्य सञ्चालन प्रकृया	• सम्बन्धित सस्थाका नर्सिङ कर्मचारीहरुको सहभागितामा गत आ.व.को समिक्षा १ दिन सञ्चालन गर्ने। • पहिलो पटक कार्यक्रम सञ्चालन गर्ने जिल्लामा आफ्नो जिल्लाभित्र रहेका सबै स्थानीय तहका स्वास्थ्य शाखाका फोकल पर्सन, जिल्ला अस्पतालका मे. सु.,नर्सिंङ्ग इन्चार्ज, जिल्ला समन्वय समितिका पदाधिकारी लगायतका जनप्रतिनिधि तथा स्वास्थ्य कार्यालयका कर्मचारीहरूसँग १ दिनको अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने। • अघिल्लो वर्षमा स्थानिय तह स्तरिय अभिमुखीकरण कार्यक्रम नभएको भए एक दिने स्थानिय तह स्तरिय अभिमुखीकरणमा हरेक स्थानीय तहका स्वास्थ्य संस्थाहरुबाट इन्चार्ज/स्टाफ नर्स/अ. न. मि. लाई समावेश गर्ने। • छलफलमा ANC / PNC भिजिटको उद्देश्य, यसको प्रकृया, महत्व; ANC / PNC सेवा बढाउन प्रयोग गर्नु पर्ने रणनीति कार्ययोजना र अनुमानित खर्चको बारेमा छलफल गर्ने। • यसरी ANC / PNC बढाउने रणनिति तर्जुमा गर्दा गर्दै स्थानीय तहले आफ्नो कार्य क्षेत्र भित्र रहेका सम्पूर्ण गर्भवती महिलाहरुको तोकिएको समयमा ANC गर्नका लागि सम्बन्धित महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत सबै गर्भवती महिलाहरुलाई नजिकको स्वास्थ्य संस्थामा पठाउने बारे योजना तयार गर्ने कार्यलाई निरन्तरता दिने। • प्रत्येक गर्भवति महिलाको तोकिएको मापदण्ड अनुसार नजिकको स्वास्थ्य संस्थामा गर्भ जाँच (ANC) गर्नको लागि अभिप्रेरित गर्ने जिम्मेवारी नर्सिंङ्ग स्टाफको हुनेछ ।यसका लागि तोकिएका नर्सिंङ्ग स्टाफले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्नु पर्नेछ।

विषयवस्तु	विवरण
	• प्रत्येक स्वास्थ्य संस्था/बर्थिङ सेन्टरमा कम्तिमा २ जना नर्सिङ स्टाफ हुनुपर्नेछ ।यदि नभएमा स्थानीय तहसँग समन्वय गरी १ जना नर्सिङ स्टाफको व्यवस्था गर्नुपर्नेछ । • नर्सिङ स्टाफलाई घरभेट गर्न जाँदा दूरी र भौगोलिक अवस्थाको आधारमा मापदण्ड बमोजिम घरभेट गरी जाँचको अभिलेख मातृ तथा नवशिशु सेवा रजिष्टर(HMIS ३.६) मा अध्यावधिक गरेपछि मात्र एकमुष्ट रुपमा रु.५००।- देखि रु. १,०००।- सम्म खाजा तथा यातायात खर्च उपलब्ध गराउनु पर्नेछ । यातायात खर्च तय गर्दा कार्य तालिका अनुसारको नक्साङ्कन संगै दूरी र भौगोलिक निकटताको आधारमा गर्नुपर्नेछ ।यस सम्बन्धी निर्णय अख्तियारी प्राप्त कार्यालयले गर्नुपर्नेछ। • घरभेट गरेको प्रमाण सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समितिको अध्यक्ष, सम्वन्धित वार्डको म.स्वा.से र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखबाट प्रमाणित गराई स्थानिय तहको सिफारिस साथ पेश गर्नु पर्नेछ । • घरभेट गर्न जानुपर्ने अवस्थामा गर्भवती तथा सुत्केरी महिलाको जानकारी सम्बन्धित महिला स्वास्थ्य स्वयंसेविकाहरु वा संस्थामा रहेको सेवा रजिस्टर (HMIS ३.६) रेकर्डबाट जानकारी लिनु पर्नेछ। • सुत्केरी महिलाहरुको घरभेट गरेर सेवा प्रदान गर्ने नर्सिङ स्टाफले सुत्केरी महिला र नवशिशुहरुलाई अनिवार्य रुपमा PNC Job Aid को प्रयोग गरेर PNC घरभेट गर्नुपर्नेछ ।साथै उक्त घरभेटमा आमालाई भिटामिन ए, आइरन चक्की, पोषण ,आराम, ,निद्राआमा र बच्चाको सरसफाई, नवजात शिशुका खतराका चिन्हहरु, खोप पाए-नपाएको विवरण, पूर्ण स्तनपान आदिजस्ता शीर्षकहरूको विषय समेट्नु पर्नेछ l • गर्भवतीको हकमा ८ पटक गर्भ परीक्षण र संस्थागत सुत्केरीका सन्दर्भमा सम्बन्धित नर्सिङ्ग स्टाफले महिला स्वास्थ्य स्वयं सेविकाहरुसंग समन्वय गरी यसको कभरेज बढाउने कुरामा सुनिश्चित हुनु पर्नेछ । • जब सम्म ८ पटक गर्भ परीक्षण र संस्थागत सुत्केरीको कभरेज बढाउन सकिदैन तब यो कार्यक्रमको प्रभावकारिता बढ्न सक्दैन भन्ने कुरा बुझ्नु पर्ने हुन्छ । • ANC को हकमा घरभेट गर्ने नर्सिङ स्टाफले आफै वा महिला स्वास्थ्य स्वयं सेविका मार्फत स्वास्थ्य संस्थामा ANC को लागि प्रेषण गरेको प्रमाण सहित रजिस्टरमा अद्यावधिक भएको हुनुपर्नेछ ।

विषयवस्तु	विवरण
	• प्रत्येक महिनाको गर्भवती / सुत्केरी तथा नवजात शिशुको जाँचको विवरण स्थानीय तहमा सस्लेषण गरी स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पठाउनु पर्नेछ। • यसरी घरभेट मार्फत PNC सेवा सञ्चालन गर्दा कुनै पनि महिला नछुटेको र सबै गर्भवती महिलाको स्वास्थ्य संस्थामा ANC सेवा पाएको सुनिश्चित भएको हुनु पर्नेछ। • केन्द्र तथा स्थानिय तहबाट यस प्रकारको कार्यक्रम राखिएको भएमा दुवैलाई एकै पटक कार्यान्वयन योजना बनाई एउटा बिषयवस्तुको लागि दोहोरो खर्च नगर्ने र दुबै स्रोत्त बाट अझ प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। • PNC Job Aid नभएमा छपाई गरी वितरण गर्नुपर्नेछ।
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन नियम बमोजिम बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ।
अनुगमन र मूल्याङ्कन	कार्यक्रमको अनुगमन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नेछ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने।

५. उच्च मातृ तथा नवशिशु मृत्युभएका स्थानीय तहमा समुदायमा आधारित एम पि डि एस आर कार्यक्रम सञ्चालन

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१४	२२५२२	१	पटक	दोश्रो	नवलपुर-३००, बाग्लुङ-२००, कास्की, तनहुँ, स्याङ्जा, गोरखा, पर्वत, म्याग्दी, लमजुङ, मनाङ र मुस्ताङ - १००

विषयवस्तु	विवरण
परिचय	नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ तथा जनस्वास्थ्य ऐन २०७५ ले प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व र नवशिशु स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवा मार्फत हरेक नागरिकलाई निःशुल्क रूपमा सेवा पुऱ्याउने लक्ष्य लिएको छ। संविधान तथा ऐनले प्रदत्त गरेको अधिकार तथा हकमा महिलाहरुको बच्चा जन्माउने क्रममा ज्यान जान दिनु हुदैन भन्ने कुरालाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तहहरुले धैरै महत्व दिएको छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सुरक्षित मातृत्व सम्बन्धी विविध प्रयासबाट मातृ, नवशिशु तथा पेरिनेटल मृत्यु घटाउनका लागि एम.पि.डी.एस.आर कार्यक्रमको सुरुवात गरेको छ । उक्त MPDSR कार्यक्रम को सुदृढिकरण तथा प्रभावकारी प्रतिकार्यको लागि प्रत्येक मातृ, नवशिशु तथा पेरिनेटल मृत्यु पश्चात Mortality Audit गर्नु जरुरी देखिएकोले यस कार्यक्रम संचालन गर्न बजेट बिनियोजन गरिएको छ।
उद्देश्य	गण्डकी प्रदेश भित्र भएका मातृ मृत्युको कारण पहिचान गरी सोहि कारणबाट भविष्यमा मातृ मृत्यु हुन नदिन सुरक्षित मातृत्व सेवाको गुणस्तर सुधारको लागि आवश्यक क्रियाकलाप संचालन गर्ने।
अपेक्षित प्रतिफल	कार्यक्रम संचालन पश्चात समुदायमा हुने मातृ मृत्युको कारण विश्लेषण गरि भविष्यमा हुने मातृ मृत्यु कम हुने।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु।
कार्यसंचालन प्रकृया	परिवार कल्याण महाशाखाबाट निर्माण गरिएको MPDSR Tools प्रयोग गरी कार्य सञ्चालन गर्ने।

विषयवस्तु	विवरण
	• समुदायमा कुनै मातृ मृत्यु हुना साथ स्वास्थ्य निर्देशनालयमा सूचित गर्नु पर्नेछ । • समुदायमा तथा स्थानीय स्तरको स्वास्थ्य सँस्थामा मृत्यु भएको भए सम्बन्धित जिल्लाको MPDSR तालिम प्राप्त स्वास्थ्यकर्मी मार्फत केन्द्रले जारी गरेको निर्देशिकाको समयावधि भित्र कार्य सम्पन्न गर्नुपर्ने। • कार्य सम्पन्न भए पश्चात MPDSR लागू भएका जिल्लाले Online मार्फत र अन्य जिल्लाले Hardcopy सहित निर्देशनालय तथा केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्ने। • मातृमृत्यु भएको स्थानिय तहमा प्रतिवेदन प्राप्त भएपछि जिल्ला मार्फत जनप्रतिनिधि लगायत सरोकारवाला निकायहरु बीच अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । प्रत्येक अन्तरक्रियात्मक कार्यक्रममा बढिमा १५ हजार रुपैंयासम्म खर्च गर्न सकिने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयले गर्दछ ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

६. खानेपानी आयोजनाको वातावरणिय लेखाजोखा / निशुल्क खानेपानी परीक्षण / खानेपानी परिक्षण प्रतिवेदन सार्वजनिकिकरणको साथै जनचेतना अभिवृद्धि कार्यक्रम

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१५	२२५२२	३	पटक	पहिलो, दोश्रो, तेस्रो	स्वास्थ्य कार्यालयहरु (सबै) - १५०

विषयवस्तु	विवरण
परिचय	खानेपानी सुरक्षा योजना (Water Safety Plan) लागू भएका तथा नभएका समदुाय स्तरका खानेपानी योजनाको सुरक्षा योजनाको प्रत्यक्ष वा अप्रत्यक्ष लेखाजोखा गरेर सुरक्षित खानेपानीको यकिन गर्ने र गुणस्तरमा सुधार गर्नुपर्ने आवश्यकता देखिएमा सम्बन्धित निकायलाई जानकारी गराउनका लागि यो कार्यक्रम राखिएको हो ।
उद्धेश्य	जिल्लाका विभिन्न भागहरुमा प्रदुषित खानेपानीका कारणले देखापर्ने पानीजन्य रोगहरुको न्यूनीकरण र खानेपानी योजनाको वातावरणीय परीक्षण गर्ने र सुधार योजनाबारे खानेपानी उपभोक्ता समितिलाई सहजीकरण हुनु ।
अपेक्षित प्रतिफल	खानेपानीको गुणस्तर परीक्षण भई खानेपानी आयोजनाको वातावरणीय सुधार हुनुका साथै सुरक्षित खानेपानीको उपभोगमा वृद्धि भई पानीजन्य रोगको न्यूनीकरणमा सहयोग हुनेछ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यलयहरु सवै ।
कार्य सञ्चालन प्रकृया	●खानेपानी सुरक्षा योजना लागू भएका खानेपानी योजनाको विवरण प्राप्त गरी ती समुदायमा गएर खानेपानी गुणस्तरको सर्भिलेन्स गर्नुपर्छ। साथै खानेपानीका आयोजनाको आवश्यकता अनुसार वातावरणीय लेखाजोखा गर्ने। ●जिल्लाको कुनै स्थान विशेषको समुदायबाट खानेपानीको मुहान वा ट्यांकीको पानीको नमूना ल्याई जिल्ला प्रयोगशालामापरीक्षण गर्न अभिप्ररित गर्ने र निःशुल्क परीक्षण गर्ने । ●खानेपानीको नमूनाको गुणस्तर सुनिश्चितताको लागि प्रयोगशालामा कार्यरत जनशक्तिको सहभागीता हुनुपर्नेछ। ●सम्बन्धित समुदायभित्र पर्ने स्वास्थ्य संस्थाहरुको ओ .पि .डी . रजिष्टर अवलोकन गरी खानेपानी जन्य रोगको अवस्था पहिचान गर्ने।

विषयवस्तु	विवरण
	●यस कार्यक्रमको सम्पर्क व्यक्ति स्वास्थ्य कार्यलयमा कार्यरत प्रयोगशाला प्रमुख हुनेछ र तथ्यांङ्कको सहयोगमा रेकर्ड अद्यावधिक गरी सम्बन्धित वडाको जनप्रतिनिधिलाई खानेपानी परीक्षणको नतिजा वारे जानकारी गराई खानेपानी आयोजनाको सुधार योजना वारे छलफल गर्ने। ● एकजनाले दुईवटा खानेपानी आयोजनाको कम्तिमा ६ वटा नमूना संकलन गर्नुपर्ने छ। ●खानेपानी सुरक्षा योजना लागू भएका तथा नभएका समदुायमा खानेपानी सुरक्षा योजनाको प्रत्यक्ष वा अप्रत्यक्ष लेखाजोखा गर्ने र संम्बन्धित समुदायलाई पृष्ठपोषण दिने । राष्ट्रिय खानेपानी गुणस्तर निगरानी सर्भिलेन्स निर्देशिका २०७० -प्रथम संशोधन २०७६_ अनुसार गर्ने । ●पानी परिक्षण गर्ने मेशिनको मर्मत गर्नुपरेमा यसै शीर्षकबाट बढिमा ३० हजार सम्म खर्च गर्न सकिनेछ।
बजेट बाँडफाँट	नेपाल सरकारको तथा प्रदेश सरकारको आर्थीक ऐन नियमानुसार बजेटको परिधी भित्र रहि खर्च योजना तयार गरी स्वीकृत गराई कार्यन्यन गर्ने।
अनुगमन र मूल्याङ्कन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्य प्रगतिको अनुगमन गर्ने।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

७. विषादी रहित खाद्य तथा पोषण प्रवर्द्धन कार्यक्रम

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१६	२२५२२	३	पटक	पहिलो, दोश्रो, तेस्रो	नवलपुर, बाग्लुङ, कास्की, तनहुँ, स्याङ्जा, गोरखा, पर्वत, म्याग्दी, लमजुङ – ३००, मनाङ र मुस्ताङ - १५०

विषयवस्तु	विवरण
परिचय	नेपालमा विषादीको प्रयोग वर्षेनी १० देखि २० प्रतिशतका दरले बढ्दै गइरहेको छ। खाद्यपदार्थ उत्पादनमा भइरहेको यस प्रकारको अनियन्त्रित विषादी प्रयोगले मानिसको स्वास्थ्यमा तत्कालै र दीर्घकालिन रूपमा प्रतिकूल असर पुऱ्याइ रहेको छ। यसले वातावरणमा पनि निकै नकारात्मक असर गरिरहेकोले विषादी रहित खाद्य तथा पोषण प्रवर्धन गर्न अत्यावश्यक भएकाले यो कार्यक्रम राखिएको हो।
उद्देश्य	जिल्लाभित्र विषादी रहित खाद्य तथा पोषण प्रवर्धन गर्ने।
अपेक्षित प्रतिफल	• समुदायमा रहेका कृषक जनप्रतिनिधि स्वास्थ्यकर्मीहरुलाई विषादीका विषयमा ज्ञान सिप दिई विषादी रहित खाद्यको प्रबर्धन गरि उत्पादनमा जोड दिने। विषादी नियन्त्रण भई मानव स्वास्थ्यमा तत्कालिन तथा दीर्घ प्रकारका रोगहरु कम देखापर्ने छन
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै।
कार्यसंचालन प्रकृया	• जिल्लामा रहेको कृषि ज्ञान केन्द्र तथा प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यालय संग सहकार्य गरी कार्यक्रम संचालन गर्ने स्थान, मिति र लक्षित वर्गको पहिचान गर्ने। • सहभागिहरु : स्थानीय तहका जनप्रतिनिधि,उपभोक्ता, स्वास्थ्यकर्मी, कृषक, व्यापारी, कृषि प्राविधिकहरु आदि। • सहभागी संख्या : २०-२५ जना सम्म • सहजकर्ताः खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कृषि ज्ञान केन्द्र, पशु विकास कार्यालय वा तालिम प्राप्त ब्यक्तिसँग समन्वय गरी परिचालन गर्ने। • तालिम तथा विगतमा भएका सोहि प्रकारका कार्यक्रमको छलफल र समीक्षा गर्ने। • १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

विषयवस्तु	विवरण
	• नगरपालिका/गाउपालिका तथा जिल्ला प्रशासन कार्यालय जस्ता जनताको भिडभाड हुने कार्यालयहरुमा सुचनामुलक बोर्ड राख्ने।
बजेट बाँडफाँट	प्रचलित ऐन, नियम, मापदण्ड बमोजिम बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ ।साथै यातायात खर्च बापत बढिमा रु ३०० सम्म उपलब्ध गराउन सकिने र बजेटको अधिकतम उपयोग हुने गरी स्थानीय तहको साझेदारी अधिकतम स्थानमा कार्यक्रम संचालन गर्नुपर्ने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय पोखरा।
प्रतिवेदन	कार्यक्रम सचालन पश्चात, चौमासिक तथा बार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा मार्फत स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा पेश गर्ने।

८. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (मानसिक तथा किशोर किशोरी प्रजनन् स्वास्थ्य)

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१७	२२५२२	३	पटक	पहिलो, दोश्रो, तेस्रो	नवलपुर, बाग्लुङ, कास्की, तनहुँ, स्याङ्जा, गोरखा, पर्वत, म्याग्दी, लमजुङ – ३००, मनाङ र मुस्ताङ - १५०

विषयवस्तु	विवरण
परिचय	किशोरावस्था भनेको बाल्यावस्था र यौवनावस्थाको बीचको आबस्था हो । यो अवस्था शारीरिक, मानसिक, संबेगात्मक तिब्र परिबर्तनको अवस्था हो ।बालक र बालिकाहरु बीच उमेर वृद्धि सँगै शारीरिक परिवर्तनमा पनि फरक पन आउँछ | शारीरिक स्वरूपमा नै परिवर्तन देखिने यो उमेरलाई किशोरअवस्था भनिन्छ | किशोरावस्था भनेको कुनै व्यक्ति बाल्यकालबाट वयष्क हुने परिवर्तनशील अवस्था हो । यसै बेलामा किशोर तथा किशोरीहरूको प्रजनन, मानसिक, बौद्धिक, आर्थिक तथा अन्य क्षेत्रमा विकास हुन्छ र उनीहरू परिपक्क हुने गर्दछन् । यी परिवर्तनहरूमा यौनसम्बन्धी परिवर्तन एकदमै प्रमुख हुन्छन।सोहि बारेमा बिद्यालयमा अध्ययनरत बालबालिकालाइ शिक्षा दिने उद्देश्यका साथ यो कार्यक्रम राखिएको छ ।
उद्देश्य	• गण्डकी प्रदेशको स्वास्थ्य नीति, स्वास्थ्य बीमा कार्यक्रमको कार्यविधि लगायत स्वास्थ्य संरचना र मानसिक स्वास्थ्यको बारेमा शिक्षा दिने । • प्रजनन स्वास्थ्य तथा यौन स्वास्थ्यका बारेमा जानकारी दिने । • स्वास्थ्य समस्याको बारेमा खुल्ला छलफल गर्ने बाताबरण सृजना गर्ने । स्वास्थ्य सेवाको पहुचमा बृद्धि गर्ने ।
अपेक्षित प्रतिफल	किशोर किशोरीहरुमा प्रजनन स्वास्थ्य तथा मानसिक स्वास्थ्यको बारेमा जनचेतना वृद्धि भइ गुणस्तरिय जिवन यापनमा सहज हुनेछ ।

कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै
कार्यसंचालन प्रकृया	• स्थानिय तहका शिक्षा शाखामा समन्वय गरि कक्षा ८ देखि १२ सम्मका विद्यालयको सूचि तयार गर्ने • प्राप्त विद्यालयको लिष्ट अनुसार कुन विद्यालयमा कहिले कार्यक्रम सञ्चालन गर्ने भन्ने योजना तयार गर्ने । • योजना अनुसार सम्बन्धित विद्यालयमा गई विद्यार्थीहरुलाई सहभागी गराई मासिक स्वास्थ्य (एक्लोपन, चिन्ता, डिप्रेसन) प्रजनन् स्वास्थ्य (शारीरिक विकाश, गर्भावस्था, गर्भपतन, यौनरोग, एच आइ भि/ एड्स) जस्ता विषयमा कक्षा सञ्चालन गर्ने । • कक्षा सञ्चालन :- स्वास्थ्य कार्यालयहरुमा कार्यरत प्रत्येक स्वास्थ्यकर्मीले मासिक रुपमा कम्तिमा एउटा विद्यालयमा गई कम्तिमा एउटा कक्षा लिनु पर्नेछ । कक्षा लिने स्वस्स्थ्यकर्मीले प्रति कक्षा रू. १०००/- (एक हजार) भत्ता प्राप्त गर्नेछ ।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मनत्रालय तथा स्वास्थ्य निर्देशनालयले गर्दछ ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

९. बैदेशिक रोजगारीमा जाने युवा/युवतीहरुको लागि स्वास्थ्य सचेतनामुलक कार्यक्रम एवं स्वास्थ्य परिक्षण

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१८	२२५२२	२	पटक	दोश्रो, तेस्रो	नवलपुर, बाग्लुङ, कास्की, तनहुँ, स्याङ्जा, गोरखा, पर्वत, म्याग्दी, लमजुङ – १५०, मनाङ र मुस्ताङ - १००

विषयवस्तु	विवरण
परिचय	बैदेशिक रोजगारीका लागि बाहिर जाने युवा युवतीहरुमा बिभिन्न स्वास्थ्य समस्याहरु जस्तै टि.बी.,एचआईभी / एड्स ,किटजन्य रोग (औलो, डेंगु) मधुमेह, रक्तचाप, मानसिक रोग लगायत अन्य स्वास्थ्य समस्याहरु देखिन सक्छन्।यसका साथ साथै विदेश गएर फर्किएका नेपालीहरु खास गरी भारतमा रोजगारी गरेर फर्किएका व्यक्तिहरुमा एचआइभी टिबी तथा औलो संक्रमण देखिनुका साथै उनीहरूको परिवारमा एचआइभीको संक्रमण दर उच्च रहेको छ।त्यसैले नेपालबाट रोजगारीका लागि विदेशमा जानेहरुमा यो अवस्थालाई न्यूनीकरण गर्न स्वास्थ्य सचेतनामुलक कार्यक्रम एवंम स्वास्थ्य परिक्षण संचालन गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	बैदेशिक रोजगारीमा जाने युवा / युवतीहरुमा स्वास्थ्य सम्बन्धि ज्ञानको अभिवृद्धि गर्नुका साथै महामारी जन्य रोग ,किटजन्य रोग ,टि.बी ,.एचआईभी / एड्स लगायत अन्य रोगको परिक्षण गर्नु ।
अपेक्षित प्रतिफल	बैदेशिक रोजगारीका लागि बाहिर जाने र विदेशबाट फर्किएका युवा/युवतीहरुमा बिभिन्न रोगहरुको बारेमा सचेत हुने र रोगहरुको संक्रमणको प्रिभ्यालेन्स दर घटेको हुनेछ।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सबै
कार्यसंचालन प्रकृया	• स्थानीय तहका टोल विकास सस्था, आमा समूह, वडा कार्यालय, स्वास्थ्य सस्थाको समन्वयमा बैदेशिक रोजगारीका लागि बिदेशमा जाने युवा/युबतीहरु संख्या र समस्या हरुको आधारमा जिल्लागत/ स्थानियतहगत नक्सांकन गर्ने । • बजेटको परिधि भित्र रही स्थानीय तहको स्वास्थ्य समस्याहरु र गन्तब्य मुलुकको सम्भावित समस्याहरुको आधारमा सुची तयार गरी समूह निर्धारण गरि पायक पर्ने स्थानमा अभिमुखीकरण तथा स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

विषयवस्तु	विवरण
	• स्वास्थ्य परिक्षण गर्ने रोगहरुः टि.बी, एचआईभी एड्स, किटजन्य रोग: औलो, डेंगु, कालाजार, स्क्रपटाईफस कोभिड, Diabetes, Blood Pressure। • प्रत्येक कार्यक्रममा सम्भव भएसम्म ४० जना सहभागी हुनु पर्नेछ । • एक कार्यक्रममा बढीमा रु.१५,००० सम्म खर्च गर्न सकिने छ ।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयले गर्दछ ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

१०. बार्षिक प्रतिवेदनको तयारी तथा छपाई

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४१९	२२५२२	१	पटक	पहिलो	स्वास्थ्य कार्यालयहरु (सबै) - ६०

विषयवस्तु	विवरण
परिचय	नेपालको संबिधानको कार्यान्वयन पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी ३ तहको व्यवस्था भए अनुसार नयाँ संरचना अनुरुप जिल्ला भित्र रहेका स्थानीय तह, जिल्ला अन्तरगत स्वास्थ्यका कार्यक्रम संचालन गर्ने स्वास्थ्य संस्थाहरुको प्रगति, स्वास्थ्य सूचकहरुको तुलनात्मक अवस्था, आर्थिक, भौतिक, मानव संसाधन लगायतका श्रोत साधनहरुको उपलव्धता आदिलाई समेटी जिल्लाको संक्षिप्त चिनारी सहित वार्षिक प्रतिवेदन तयारी तथा छपाईका लागि यो कार्यक्रम राखिएको हो । यो प्रतिवेदनले जिल्ला भित्र सेवा प्रदायक संस्था, सेवा उपभोगको अवस्था, भौगोलिक अवस्था र बित्तीय खर्चसमेत समेटनु पर्नेछ । जिल्ला स्तरमा प्रकाशित हुने वार्षिक प्रतिवेदनले योजना तर्जुमा, श्रोत साधनहरुको अनुमान र वितरण, स्वास्थ्य कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन लगायतका कार्यहरुमा सहयोग गर्नुका साथै जिल्ला स्तरमा स्वास्थ्य सम्वन्धी जानकारी लिन चाहने निकाय र व्यक्तिहरुलाई समेत आवश्यक सामग्री उपलव्ध गराउँदछ । यो प्रतिवेदनले प्रादेशिक तहको कार्यक्रम योजना तर्जुमा गर्न, जिल्लामा रहेका स्थानिय तहहरु वीचको प्रगतिको तुलनात्मक विश्लेषण गर्न सघाउ पुऱ्याउनेछ । यो प्रतिवेदनले दुर्गम र पछाडी परेका क्षेत्रमा सेवा प्रवाह गर्न ती क्षेत्रका जनताले सेवा उपभोग गर्न के कुराले बाधा परेको छ आदि विषयमा चर्चा गरि आवश्यक कार्यक्रम तय गर्न मद्धत पुऱ्याउदछ । प्रतिवेदनले जिल्लामा सामाजिक, सास्कृतिक, आर्थिक, भौगोलिक जस्ता कुराले सेवा प्रवाह र उपभोगमा के कस्तो बाधा पुऱ्याएको छ र त्यसका लागि जिल्ला, जिल्ला र संघीय निकायले के कस्तो नीति, रणनीति तथा कार्यान्वयनको स्थितीका वारेमा स्पष्ट मार्गदर्शन गर्नेछ । वार्षिक प्रतिवेदन प्रकाशन गर्ने कार्य संस्थागत भइसकेको हुँदा जिल्ला स्तरमा सञ्चालित स्वास्थ्य कार्यक्रम, स्वास्थ्य अवस्था र अन्य महत्वपूर्ण जानकारीहरुको अभिलेखन (Documentation) समेत हुँदै आएको छ ।
उदेश्य	• जिल्ला स्तरका स्वास्थ्य सम्वन्धी आवश्यक सूचना, सामग्री, विवरण समेटिएको प्रतिवेदन तयार गर्ने ।

विषयवस्तु	विवरण
	• जिल्ला भित्र सेवा प्रवाह र उपभोगका दृष्टिले पछाडी परेका वर्ग, क्षेत्रहरु र सेवा प्रवाहमा सुधार गर्नु पर्ने स्वास्थ्य संस्था पहिचान गरी नक्साङ्कन गरेर राख्ने।
अपेक्षित प्रतिफल	• जिल्ला स्तरको योजना तर्जुमा, श्रोत साधनहरुको अनुमान र वितरण, स्वास्थ्य कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन लगायतका कार्यहरुमा सहयोग गर्नुका साथै जिल्लास्तरीय स्वास्थ्य गतिविधीहरुको अभिलेखीकरण हुनेछ।
संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सबै
संचालन विधि/ कार्य संचालन प्रक्रिया	जिल्ला स्तरको स्वास्थ्य सम्बन्धी बार्षिक प्रतिबेदन तयार गर्नको लागि स्वास्थ्य कार्यालयका प्रमुखको संयोजकत्वमा प्रतिवेदन तयारी समिति गठन गरी सम्बन्धीत स्वास्थ्य कार्यालयमा सूचना व्यवस्थापनमा प्रत्यक्ष संलग्न कर्मचारीलाई यस प्रतिवेदन तयारी समितिको सदस्य सचिवको जिम्मेवारी दिनु पर्नेछ। जिल्ला स्तरीय अस्पतालका मेसू., मेडिकल रेकर्डर लगायत आवश्यकता अनुसार स्वास्थ्य कार्यालयका कर्मचारी र अन्य निकायका प्रतिनिधिहरु संलग्न गरी समिति गठन गर्नु पर्नेछ। उक्त समितिले स्वास्थ्य प्रतिवेदनमा के कति विषयबस्तु राख्ने भन्ने कुरा यकिन गर्नु पर्दछ। द्धितीय श्रोतबाट संकलन हुने सूचनाहरु संकलन गर्न सम्बद्ध व्यक्तिहरुलाई जिम्मेवारी समेत दिनु पर्दछ। जिल्ला स्तरको समिति प्रतिवेदन तयारी समिति संयोजक – प्रमुख, स्वास्थ्य कार्यालय सदस्य – स्वास्थ्य कार्यालयका बिभिन्न कार्यक्रमहरु सँग सम्वन्धित Focal Person हरु सदस्य – लेखा र प्रशासन शाखाका प्रमुखहरु सदस्य – जिल्ला स्तरीय अस्पतालका मे.सु.हरु सदस्य – जिल्लास्तरीय अस्पतालका मेडिकल रेकर्डरहरु सदस्य – जिल्ला स्तरीय आयुर्वेद अस्पतालका प्रमुखहरु सदस्य – जिल्ला भित्रका नीजी गैरसरकारी स्वास्थ्य संस्थाहरुको महासंघका प्रतिनिधी सदस्य – जिल्ला स्थित सहयोगी निकायका प्रतिनिधिहरु सदस्य सचिव – तथ्यांक अधिकृत/सहायक/सूचना व्यवस्थापनमा सम्लग्न कर्मचारी स्वास्थ्य प्रतिवेदन तयारी कार्यशाला गोष्ठी • जिल्ला स्तरमा संचालित स्वास्थ्य कार्यक्रमको प्रगति विवरण, स्थानिय/ जिल्ला स्तरीय वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुत भएका कार्यक्रमसँग सम्बन्धीत समस्या तथा

विषयवस्तु	विवरण
	समाधानका उपायहरु, कार्यक्रमका सबल पक्ष र स्थानीय पहलमा गरिएका श्रृजनात्मक कार्यहरुलाई प्रतिवेदनको ढाँचामा राख्ने कार्यको लागि स्वास्थ्य प्रतिवेदन तयारी कार्यशाला संचालन गर्ने । • जिल्ला स्तरको बार्षिक समीक्षा गोष्ठी सम्पन्न भएपछि उक्त समीक्षा गोष्ठीमा प्रस्तुत भएका मुख्य मुख्य सवाल, समस्या तथा समाधानका उपायहरुलाई एकत्रीत गरी सोही बुँदाहरुलाई नै प्रतिवेदनको आधार बनाउनु पर्नेछ साथै स्थानिय तह अनुसारको प्रगति देखिने गरी प्रतिवेदन तयारी गर्नु पर्दछ । स्वास्थ्य प्रतिवेदन तयारी कार्यशाला गोष्ठि १ दिन आयोजना गर्न सकिनेछ । कार्यशालाका सहभागीहरु : प्रतिवेदन तयारी समितिका सदस्यहरु माथि उल्लेख गरिएका विषयसँग सम्बन्धित सूचनाहरु संकलन गरी प्रत्येक विषयहरुलाई टेवल, चार्ट, ग्राफ, नक्सा, आदि उपयुक्त तवरले प्रस्तुतीकरणका साथ वर्णनात्मक तवरले प्रस्तुत गरी प्रतिवेदन तयार गर्नुपर्नेछ । आबश्यकता अनुसार अन्य Indicators पनि थप गर्न सकिने छ । वार्षिक प्रगती प्रतिवेदन तयार भए पश्चात स्वास्थ्य कार्यालयको वेभसाईटमा राख्ने र छपाई समेत गर्नु पर्नेछ
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन नियम एवं गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७५ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसख्या मन्त्रालयबाट हुने ।
प्रतिवेदन	जिल्ला भित्र रहेका स्थानीय तह, जिल्लास्तर र जिल्लास्तरका स्वास्थ्य कार्यक्रम संचालन गर्ने स्वास्थ्य संस्थाहरुका जिम्मेवार व्यक्तिहरुसंग समन्वय गरी सहभागितात्मक रुपले प्रतिवेदन तयार गर्न व्यवस्था गर्ने । प्रतिवेदन छपाई गरी जिल्ला भित्रका प्रत्येक स्थानीय तह, स्वास्थ्य कार्यालय, स्वास्थ्य सेवा विभाग र सम्बद्ध सरोकारवालाहरुलाई उपलब्ध गराउनु पर्नेछ । साथै उक्त प्रतिवेदन विद्युतीय ढाँचामा तयार गरी स्वास्थ्य कार्यालयको वेभसाइटमा राख्नु पर्नेछ ।

११. स्वास्थ्य सम्बन्धी जोखिम सञ्चार अभिमुखिकरण तथा जनचेतना वृद्धिका लागि मिडिया परिचालन

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४२०	२२५२२	३	पटक	पहिलो, दोस्रो, तेस्रो	स्वास्थ्य कार्यालयहरु (सबै) - ७५

विषयवस्तु	विवरण
परिचय	समुदायमा स्वास्थ्य सम्बन्धी सूचना तथा सन्देशहरु लक्षित समूहसम्म नेपाली भाषा लगायत स्थानीय भाषाहरुको प्रयोग गरि सूचनाहरु प्रचार प्रसार प्रवाह गर्न स्थानीय संचार मिडियाहरू प्रभावकारी माध्यम हुन् । समुदायका मानिसहरूको स्वास्थ्य सम्बन्धी विभिन्न धारणा र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन एफ.एम रेडियो , पत्रपत्रिका, टेलिभिजन, अनलाइन, आदि माध्यमहरूको भूमिका महत्वपूर्ण हुन्छ। विभिन्न संचार मिडियाहरूको माध्यमबाट स्वास्थ्य सम्बन्धी सन्देश, सूचना प्रवाह गरी समुदायका मानिसहरूलाई स्वास्थ्यका विभिन्न विषयको जानकारी गराई उनीहरूको ज्ञान तथा चेतना वृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन गर्न सकिन्छ।सबै जनतालाई शुसुचित गर्दै जनचेतना बृद्धि गर्न, जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउन, स्वास्थ्य सेवाको पहुँच र उपयोग वृद्धि गर्ने, सेवाको पहुँच बढाउन बाधा अड्चनहरू घटाउन र सबै नेपाली नागरिकलाई स्वास्थ्य सम्बन्धि जानकारी प्रदान गर्न यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	• स्थानीय चालचलनलाई विशेष ध्यानमा राखी स्थानीय आवश्यकता अनुसार स्थानीय एफ.एम, रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाइन आदि माध्यमहरुबाट आम समुदायहरुमा स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्नु । • स्थानीय स्वास्थ्य सबाल तथा समस्यालाई ध्यानमा राखी सोको सम्बोधन हुनेगरी सन्देशहरु प्रसारण गर्नु। • बिभिन्न मिडिया मार्फत सन्देश प्रसारण गरी स्वास्थ्य सम्बन्धी ज्ञान अभिवृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन गर्न र उपलब्ध स्वास्थ्य सेवाको अधिकतम उपभोग गर्न अभिप्रेरित गर्नु ।
अपेक्षित प्रतिफल	• स्वास्थ्य सम्बन्धी विभिन्न जानकारी मुलक सन्देश प्रसारण भई स्वास्थ्यसम्बन्धी ज्ञान अभिवृद्धि तथा व्यवहारमा सकारात्मक परिवर्तन हुने साथै उपलब्ध स्वास्थ्य सेवा अधिकतम उपभोग हुने । • सबै नागरिकहरुले स्वास्थ्य सन्देश र सूचनाहरू प्राप्त गर्नेछन् ।

विषयवस्तु	विवरण
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सवै
कार्यसंचालन प्रकृया	• मौसम अनुसार देखापर्ने रोगहरू, प्रकोपहरुको तथ्यांक केलाउने, तथ्याङ्कहरु विश्लेषण गरेपछि देखिएका स्वास्थ्य सबाल तथा समस्याको प्राथमिकताको सूची तयार गर्ने । • प्रदेश र स्थानीय स्तरमा देखिएका प्रमुख स्वास्थ्य सबाल तथा समस्याहरु चुनौतीहरु को आधारमा विषय छनौट गर्ने । • प्राथमिकता सूचीमा परेका बिषयहरुमा आम जनसमुदाय, किशोरकिशोरी, गर्भवती महिला, समुदाय स्तरमा सन्देश प्रवाह गर्ने जस्तै महिला स्वास्थ्य स्वयंसेविका विद्यार्थी शिक्षक स्वास्थ्यकर्मी आदिलाई लक्षित वर्गमा राखि सन्देश प्रेषण गर्ने • स्वास्थ्य सम्बन्धी विभिन्न विषयहरु जस्तै महामारीजन्य रोग, प्राकृतिक प्रकोप, नसर्ने रोग तथा सरुवा रोग, बालस्वास्थ्य, सुनौलो हजार दिन, सुरक्षित मातृत्व / परिवार नियोजन, किशोरकिशोरी, वातावरणीय र व्यक्तिगत सरसफाई र स्वच्छता, निःशुल्क स्वास्थ्य सेवा लगायत अन्य अत्यावश्यक स्वास्थ्य सेवाका विषय वस्तुहरु आदि । • स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले, स्वास्थ्य निर्देशनालयले तयार गरेको सुचना वा उपलब्ध गराएको सुचनालाई प्रयोग गर्न सक्नेछ। • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश स्वास्थ्य निर्देशनालयमा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरूसँग कार्यक्रमबारे छलफल गरि प्रदेश तथा स्थानीय आवश्यकताको आधारमा स्वास्थ्यका विशेष वस्तुहरू चयन गर्ने, सूचना सम्प्रेषण गर्ने। • प्रचलित ऐन नियमको परिधिमा रहि सस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्ने।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय पोखरा ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

१२. एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवालाहरु बीच समीक्षा तथा अभिमुखिकरण

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४२१	२२५२२	२	पटक	दोस्रो, तेस्रो	कास्की, नवलपुर – १००, बाग्लुङ, तनहुँ, स्याङ्जा, गोरखा, पर्वत, म्याग्दी, लमजुङ, मनाङ, मुस्ताङ - ५०

विषयवस्तु	विवरण
परिचय	राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ अनुसार एम्बुलेन्स भन्नाले बिरामी ओसार पसार गर्ने दफा ५ बमोजिम स्वीकृत प्राप्त बाहनलाई बुझिन्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, सामाग्री, साईरन, जिपिएस (GPS) जडान भएको, तालिम प्राप्त चालक र आकस्मिक चिकित्सकिय प्राविधिक (EMT) भएको बाहनलाई जनाउँदछ। एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि जिल्ला स्तरमा रहेका विभिन्न समितिहरुको बैठक बस्न आवश्यक भएको र आकस्मिक सेवा प्रवाहका विषयमा ड्राईभरहरुलाई समेत जानकारी दिन आवश्यक भएकोले यो कार्यक्रम प्रस्ताव गरिएको हो।
उद्देश्य	• राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ बमोजिम सेवा सञ्चालन भए नभएको अनुगमन गर्न तथा आकस्मिक सेवा प्रवाहका विषयमा चालकहरुलाई जानकारी गराउनु।
अपेक्षित प्रतिफल	• जिल्ला स्थित एम्बुलेन्स समिति र एम्बुलेन्स संचालक/चालकहरुलाई राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ बमोजिम एम्बुलेन्सहरुको व्यवस्थापन भएको हुनेछ।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै
कार्यसंचालन प्रकृया	• जिल्ला स्तरीय समितिले नयाँ एम्बुलेन्स स्वीकृतीको सिफारीस तथा नविकरणका लागि त्रैमासिक रुपमा बैठकको आयोजना गर्ने। • निर्देशिका बमोजिम स्थलगत भ्रमण तथा अवलोकन गरी एम्बुलेन्सहरुको अनुगमन तथा जिल्ला स्तरिय समितिको बैठक सञ्चालन गर्ने। • कार्यक्रम सञ्चालन गर्दा एम्बुलेन्सका संचालक/चालक र समिति पदाधिकारीहरु बीच समिक्षात्मक कार्यक्रम संचालन गर्नुपर्नेछ साथै पृष्ठपोषण प्रदान गर्नुपर्नेछ।

विषयवस्तु	विवरण
	• स्वास्थ्य तथा जनसख्या मन्त्रालयको GPS प्रणालीमा आबद्ध भए नभएको तथा निर्देशिका अनुसार स्तरोन्नति भए नभएको एकिन गर्ने।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मनत्रालय तथा स्वास्थ्य निर्देशनालयले गर्दछ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने।

१३. पहुँच कम भएका स्थानहरुमा परिवार नियोजन सेवा

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४२२	२२५२२	३	पटक	पहिलो, दोस्रो, तेस्रो	गोरखा, स्याङ्जा, तनहुँ, कास्की, बाग्लुङ - ३००, लमजुङ, पर्वत, म्याग्दी -१५०, नवलपुर - २५०

विषयवस्तु	विवरण
परिचय	नेपालमा परिवार नियोजन कार्यक्रमको अवस्थालाई हेर्ने हो भने नेपाल जनसाङ्खिक सर्वेक्षण २०१६ का अनसार आधुनिक परिवार नियोजनको साधन प्रयोग दर ४२% र अपरिपुर्त माग २४% रहेको छ। त्यसैगरी NMICS २०१९ अनुसार आधुनिक परिवार नियोजनको साधन प्रयोग दर ४६.७ रहेको छ।तथ्यांकलाई हेर्दा परिवार नियोजन कार्यक्रममा अपेक्षीत उपलब्धी हासिल गर्न नसकेको देखिन्छ भने अर्कोतिर अपरिपुर्त माग समेत धेरै देखिन्छ।नेपालको सबै स्वास्थ्य संस्थाहरुमा परिवार नियोजनको लामो अबधिको संस्थागत सेवा नहनु एक प्रमुख कारण रहेको छ ।जिल्ला अन्तर्गत उच्च प्रजनन दर भएका र परिवार नियोजनका अस्थायी सेवा चाहेर पनि अपनाउन नपाउने पुरुष र महिलाहरुमा उक्त सेवा प्रदान निश्चित स्थान/स्वास्थ्य संस्थाहरुमा सेवाग्राहीहरुलाई सेवा दिने अभिप्रायले तालिम प्राप्त जनशक्ति (IUCD, Implant service Provider) परिचालन गरी उचित परामर्श सहित IUCD, Implant सेवाको साथै अन्य परिवार नियोजन सेवा संचालन गर्ने ।
उद्देश्य	• ग्रामीण तथा पिछडिएको समुदायमा सेवाग्राहिहरुलाई परिवार नियोजनका सेवाको पहुच बढाई Unmet Need घटाउनु। • परिवार नियोजनका साधनहरुकोप्रयोग गर्न Inform choice को अवसर प्रदान गर्ने र परिवार नियोजनका साधनहरुको प्रयोगदर बढाउनु।
अपेक्षित प्रतिफल	• परिवार नियोजनका साधनहरुको प्रयोगदर बढ्नेछ र परिवार नियोजनका सेवाको पहुच बढी Unmet Need घट्नेछ । • लामो अवधिसम्म काम गर्ने परिवार नियोजन साधनहरुको सेवा उपलब्ध नभएका स्वास्थ्य संस्थाहरुबाट निश्चित समयको अन्तरालमा IUCD र Implant सेवा र समुदाय स्तरमा कन्डम, पिल्स, डिपो प्रदान भएको हुनेछ ।

विषयवस्तु	विवरण
	• लामो अवधिको परिवार नियोजन साधन प्रयोग सम्बन्धी मागमा बृद्धि भई सेवा लिनेको संख्यामा वृद्धि भएको हुनेछ •
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै
कार्यसंचालन प्रकृया	• परिवार नियोजनका साधनहरुको कम प्रयोगदर र अन्य सूचकहरुका आधारमा स्थानीय तहसँगको समन्वयमा हरेक स्थानिय तहको कम्तिमा एउटा स्वास्थ्य संस्था वा समुदाय छनौट गर्ने । • छनौट गरिएका स्वास्थ्य संस्थाहरु वा समुदायको सहकार्यमा Satalite परिवार नियोजन क्लिनिक सञ्चालन गर्ने । • क्लिनिक र समुदाय स्तरमा सञ्चालन हुने मिति समय र स्थानबारे प्रचार प्रसार गर्ने । • स्थानीय तालिम प्राप्त स्वास्थ्यकर्मी मार्फत अस्थायी परिवार नियोजनका सेवाहरु प्रदान गर्ने । • तोकिएको स्थानमा वर्षमा कम्तिमा तीन पटक यो सेवा सञ्चालन गर्ने । • सेवा प्ररदान गर्ने स्थान र समय बारे समुदायमा प्रचार-प्रसार गर्ने । • स्वास्थ्यकर्मीहरुलाई प्रति केस बापत भत्ता र महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई क्लिनिक सञ्चालनको दिन सेवाग्राही सहित सहभागी भए वापत यातायात खर्च नियमानुसार प्रदान गर्ने । • सेवा प्रदायक छनौट तालिम प्राप्त स्वास्थ्यकर्मीहरु मध्येबाट कार्यक्रम सञ्चालन गर्ने l • HMIS अनुरुप निर्धारित ढाँचामा अभिलेख राखी तथा प्रतिवेदन गर्ने ।
बजेटबाँडफाड	गण्डकी प्रदेशको खर्च मापदण्ड र विध्यमान नियम, कानुन बमोजिम विनियोजित रकम बाँडफाड गरि कार्यक्रम संचालन गर्ने ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय , पोखरा ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

१४. पारिवारिक तथा जनसाख्यिक लगत संकलन

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४२३	२२५२२	३	पटक	पहिलो, दोस्रो, तेस्रो	गोरखा, लमजुङ, तनहुँ, कास्की, नवलपुर, वाग्लुङ - १०५०, पर्वत - ९००, मनाङ, मुस्ताङ - ६६०, स्याङ्जा - ७५०, र म्याग्दी ७००

विषयवस्तु	विवरण
परिचय	नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी सवल र स्वस्थ गराउने गण्डकी प्रदेशको नीति अनुरुप आधुनिक बिद्युतीय प्रविधिको प्रयोग गरी सम्बन्धित स्थानिय तहले त्यहाँ वसोवास गर्ने परिवारको जनसाख्यिक तथा स्वास्थ्य स्थितिको इलेक्ट्रोनिक विवरण तयार गरी त्यसको हरेक वर्ष अध्याविक गर्न यो कार्यक्रम राखिएको हो। यो पार्श्वचित्रका माध्यमबाट सरकार र आम नागरीकले विगतको परिस्थिति, वर्तमान र भविष्यमा गर्नु पर्ने काम र लिनु पर्ने बाटो समेत सजिलै आंकलन गर्न सक्छन जसबाट जुनसुकै अवस्थाको महामारीको समयमा पनि नागरीकको जीउ ज्यान जोगाउन सेवा , प्रवाहलाई आवश्यक स्रोत साधनको समयमै आंकलन गरी जोगिन सक्ने अवस्थाको ,निरन्तरता दिन सृजना हुन्छ ।
उद्धेश्य	यस प्रदेश भित्र वसोवास गर्ने परिवार र परिवारका सदस्यहरुको स्वास्थ्य स्थितिको विवरण तयार गर्नु ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सवै
अपेक्षित प्रतिफल	• व्यक्तिको स्वास्थ्य सम्बन्धी व्यक्तिगत र पारिवारिक विवरणको तथ्यांकिय आधार तयार भएको हुनेछ । • नीति निर्माता र सेवा प्रदायकहरूलाई स्वास्थ्य सेवा प्रवाहका लागि तथ्यमा आधारित स्पष्ट आधार तयार भएको हुनेछ । • यस्तो व्यवस्थाबाट सरकारले चाहिएको समयमा ती विवरणहरूको विश्लेषण र अध्ययन गरी आवश्यक नीति कानून र संरचनाहरू निर्माण गर्न सक्छ भने आम , स्वास्थ्य सेवाको ,नागरीकले पनि आफ्नो यथार्थ विवरण आवश्यकतानुसार आफै हेर्न अवस्था बुझ्न र समयमै आफू तयार भएर गुणस्तरीय स्वास्थ्य सेवा लिएर निरोगी बन्न सक्छन ।

विषयवस्तु	विवरण
कार्य सञ्चालन प्रक्रिया	● स्वास्थ्य निर्देशनालयले तयार गरेको पारिवारिक विवरण संकलन गर्नको एक Software प्रयोग गर्ने । ● सफ्टवेयर तयार भै सके पश्चात बजेटको परिधिभित्र रही एक वा सो भन्दा बढी स्थानीय तहमा कार्यक्रम विस्तार गर्न सकिने छ। छनौट भएका स्थानीय तहहरुमा कार्यक्रमको सञ्चालन गर्ने। ● छनौट भएका स्थानिय तहमा सो कार्यक्रमको जानकारी दिनको लागि स्थानिय तहका प्रमुख उपप्रमुख जनप्रतिनिधि प्रमुख प्रशाससकिय अधिकृत स्वास्थ्य शाखा प्रमुख शिक्षा शाखा प्रमुख सामाजिक विकास शाखा प्रमुख लगायतकालाई सहभागी गराई १ दिने अभिमुखिकरण गर्ने । ● तथ्यांक संकलनको कार्य स्वास्थ्य कर्मीबाट गराउनुपर्ने छ। संकलकको खाजा तथा यातायात वापतको रकम स्थानिय तहको समन्वयमा प्रचलित नियमानुसार खर्च गर्न सकिने छ। ● तालिम, अभिमुखिकरण, Data synchronization, Data Processing, आदिमा लाग्ने खर्च यसै कार्यक्रमबाट गर्न सकिने छ। यसको लागि लाग्ने लागत अनुमान स्वास्थ्य निर्देशनालय तथा परामर्श सेवा प्रदायकको समन्वयमा स्वास्थ्य कार्यालयले गर्ने छ। ● सो अभिमुखिकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालय तथा परामर्श सेवा प्रदायक सस्थाको समन्वयमा सहजिकरण गर्नेछ ।साथै ● ल्यापटप लगायत अन्य सामाग्रीहरुको व्यवस्थापन तथा विवरण प्रविष्ट गर्ने कार्य स्थानिय तहले गर्नु पर्नेछ । ● सो इलेक्ट्रोनिक पारिवारिक स्वास्थ्य पार्श्वचित्रका माध्यमबाट सबै नागरीकहरूको पारिवारिक र व्यक्तिगत यथार्थ विवरण सङ्कलन, प्रविष्ट र भण्डारणको संस्थागत र नीतिगत व्यवस्था सम्बन्धित स्थानिय तहहरुले गर्ने ।
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन नियम एवं गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७५ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय पोखरा ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात पारिवारिक विवरणको प्रतिवेदन एकमुष्ट रुपमा स्वास्थ्य निर्देशनालयमा बुझाउनुपर्नेछ वा बिद्युतीय प्रणालीबाट login गरी हेर्न तथा प्रयोग गर्न सकिनेछ।

१५. क्षयरोग स्क्रिनिङ्ग तथा कन्ट्याक्ट ट्रेसिङ्ग

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४२६	२२५२२	३	पटक	पहिलो, दोस्रो, तेस्रो	गोरखा, तनहुँ स्याङ्जा - ६००, कास्की, मनाङ, पर्वत, म्याग्दी – ३००, लमजुङ, मुस्ताङ, नवलपुर - १५०, वाग्लुङ - ३९०

विषयवस्तु	विवरण
परिचय	आव २०७५/७६ मा सम्पन्न क्षयरोग प्रिभ्यालेन्स सर्भेका अनुसार नेपालमा वार्षिक क्षयरोगका विरामी ६९००० अनुमान गरिएको छ भने वार्षिक रुपमा क्षयरोग पत्ता लगाई उपचारमा आउने संख्या लगभग २८००० भन्दा बढि रहेको छ। यसरी हेर्दा लगभग ५९ प्रतिसत संभावित क्षयरोगका विरामीहरुको रोग पत्ता लगाई उपचारमा ल्याउन नसकिएको यथार्थ नै हो। यी पत्ता लगाउन वाँकी रहेका व्यक्तिहरु मध्ये आधा भन्दा बढि अति संक्रमित खालका विरामी हुन्छन जसलाई यथासक्य छिटो खोजी गरी उपचारमा ल्याई क्षयरोग संक्रमण दरलाई कम गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो जसले गर्दा हाल नेपाल सरकार र प्रदेश सरकारले लिएको क्षयरोग मुक्त नेपालको अभियानलाई साकार पार्न सहयोग गर्दछ।
उद्देश्य	• क्षयरोगका बिरामीहरुको सम्पर्कमा रहेका व्यक्तिहरुमा क्षयरोग निदान गरी उपचारको दायरामा ल्याउने। • क्षयरोगका बिरामीहरुको सम्पर्कमा रहेका सक्रिय क्षयरोग नभएका ५ वर्ष भन्दा मुनिका वालवालिकाहरुलाई TBPT कार्यक्रम उपलब्ध गराउने।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै
अपेक्षित प्रतिफल	• क्षयरोगका नयाँ विरामी पत्ता लगाई उपचारको दायरमा ल्याईनेछ। • क्षयरोगका बिरामीहरुको सम्पर्कमा रहेका वालवालिकाहरुमा क्षयरोगको संक्रमण हुनबाट बचाई क्षयरोग संक्रमणको श्रृङ्खला अन्त हुनेछ।
कार्यसंचालन प्रकृया	• स्थानिय तह अनुसार स्वास्थ्य संस्थामा दर्ता भएका PBC एवं DRTB विरामीहरुको विवरण संकलन गर्ने। • विवरण प्राप्त भए पश्चात विरामीको सम्पर्कमा रहेका (घर, छिमेक, कार्यालय, विद्यालय आदि) सबै व्यक्तिहरुको घरभेट गरी क्षयरोग स्क्रिनिङ्ग फाराम (HMIS ६.६) को प्रयोग गरी क्षयरोग स्क्रिनिङ्ग गर्ने।

विषयवस्तु	विवरण
	• स्क्रिनिङ्ग गर्दा शंकास्पद क्षयरोगका विरामीहरुको २ वटा खकार नमुना संकलन गरि नजिकको अस्पतालको माईक्रोस्कोपिक सेन्टर एवं जिन एक्स्पर्ट सेन्टरमा तीन लियर प्याकिङ्ग (Three layer packing) गरी पठाउने । • सम्बन्धित जिल्ला अस्पतालमा माईक्रोस्कोपिक नमूना परीक्षण गर्ने प्रयोगशालाकर्मीलाई प्रति परीक्षण रू. ५०/- (पचास) का दरले रकम उपलब्ध गराउने । • एक जना PBC बिरामीको उपचार अवधि भरी २ पटक कन्ट्याक्ट्र ट्रेसिङ्ग गर्ने व्यवस्था मिलाउने । • कन्ट्याक्ट ट्रेसिङ्ग गरिएको विवरण HMIS ६.७ रजिष्टरमा अद्यावधिक गरी प्रतिवेदन गर्ने व्यवस्था गर्ने । • क्षयरोगको स्क्रिनिङ्ग गर्दा यदि ५ वर्ष मुनिका वालवालिकाहरुलाई लक्षण र चिन्हको आधारमा स्वास्थ्यकर्मीले सकृय क्षयरोग नभएको एकिन गरी TPT (TB Preventive Therapy) शुरु गर्ने र सोको विवरण HMIS ६.७ मा अभिलेख राखि प्रतिवेदन गर्ने । • कन्ट्याक्ट ट्रेसिङ्ग गर्दा सम्बन्धीत स्वास्थ्य संस्था वा वडाको महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मीलाई परिचालन गर्ने । • यदि उपचारमा रहेका PBC बिरामी कम भएको अवस्थामा जिल्लाको स्थानिय तह अनुसार क्षयरोगको जोखिम समूह पहिचान गरी सो स्थानमा स्क्रिनिङ्ग क्याम्प समेत सञ्चालन गर्न सकिने छ तर यो स्क्रिनिङ्ग क्याम्प पहिला उपचारमा रहेका PBC विरामीको सम्पर्कमा आएका व्यक्तिहरुको कन्ट्याक्ट ट्रेसिङ्ग गरी सके पछि मात्र गर्नु पर्नेछ ।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयले गर्दछ ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

१६. एच.आई.भी. तथा अन्य रोगहरुको सर्भिलेन्स

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४२७	२२५२२	३	पटक	पहिलो, दोस्रो, तेस्रो	बाग्लुङ – ३९०, गोरखा, तनहुँ, कास्की, स्याङ्जा, म्याग्दी – ३००, मनाङ - २२५, पर्वत, नवलपुर – १५०, लमजुङ र मुस्ताङ – १००

विषयवस्तु	विवरण
परिचय	नेपालमा जनस्वास्थ्य समस्याको रुपमा धेरै सर्ने तथा नसर्ने रोगहरु विद्यमान रहेका छन। सर्ने रोगहरु मध्ये एच.आई.भि./एड्स एक मुख्य रोग हो। यसका साथै क्षयरोग, कुष्ठरोग, कोभिड १९, औलो तथा अन्य किट जन्य रोगहरु (डेङ्गु, स्क्रप्ट टाईफस) आदि रहेका छन्। समुदायमा विद्यमान रहेका यस्ता रोगहरुको समयमा नै अभिलेख तथा प्रतिवेदन हुन नसक्नु समाजमा रहेको लान्छना र भेदभाव स्वास्थ्यको उपभोग र पहुँचमा कमी भौगोलिक अवस्था आदि कारणबाट त्यस्ता रोगहरु समयमा निगरानी राख्न नसकिएको हो। नयाँ किट जन्य रोगहरु दिन प्रति दिन थपिनु तथा समयमा नै रोग पत्ता नलाग्नु, पत्ता लागेको रोगहरु समेत समयमा नै सम्बन्धित निकायमा प्रतिवेदन नहुँदा एचआईभी तथा अन्य रोगहरुको एकीकृत रुपमा नियमित निगरानी (सर्भिलेन्स) गर्नका लागि यो कार्यक्रम राखिएको छ।
उद्देश्य	जनस्वास्थ्य समस्याको रुपमा रहेका विद्यमान एच आईभी तथा अन्य रोगहरुको एकीकृत सर्भिलेन्स गर्नु।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै।
अपेक्षित प्रतिफल	• सर्भिलेन्सको लागि तयार भएको सफ्टवेयरमा पत्ता लागेका निगरानी गर्नु पर्ने रोगहरुका (क्षयरोग, एच.आई.भी./एड्स, डेङ्गु, स्क्रप्ट टाईफस, कोभिड) बिरामीहरुको विवरण प्रविष्ट भएको हुनेछ। • बिरामीहरु उपचारमा अनियमिता भएमा सोको फलोअप गर्न सहजिकरण हुनेछ। • बिरामीको संख्याको आधारमा आवश्यक औषधी किट तथा अन्य सामग्रीहरुको आपूर्तिमा सहज भएको हुनेछ। रोगको समयमा नै प्रतिवेदन हुनाले रोगको फैलावटलाई नियन्त्रण गर्न सकिनेछ।

विषयवस्तु	विवरण
कार्यसंचालन प्रकृया	● एच.आई.भी., यौनरोग, क्षयरोग, कुष्ठरोग, औलो जस्ता सरुवा रोगहरुको जोखिम समूह पहिचान गर्ने। ● जोखिम समूह पहिचान भएको स्थानमा गई स्क्रिनिङ्ग जाँच गर्ने व्यवस्था मिलाउने। ● पहिचान भएका एच.आई.भी. संक्रमित विरामीको विवरण जिल्लामा रहेको ART Center सँग समन्वय गरी HIV DHIS-२ Tracker मा प्रतिवेदन भएको सुनिश्चित गर्ने। ● पहिचान भएको क्षयरोग विरामी भए स्वास्थ्य संस्थामा दर्ता गर्ने व्यवस्था गरी eTB Master Register र औषधी प्रतिरोधी क्षयरोगको विरामी भए DRTB Tracker System मा विवरण अद्यावधिक भएको सुनिश्चत गर्ने। ● यदि औलो, डेङ्गु, कोभिड १९, कुष्ठरोग जस्ता रोगहरु भए अभिलेख राखि DHIS-२ मा प्रतिवेदन भएको एकिन गर्ने र त्यस्ता बिरामीहरुको Line listing गर्ने। ● सूचना तथा संचार सामग्री तयारीः सर्भिलेन्समा समाबेश भएका रोगहरुको बारेमा सूचना तथा संचार सामग्रीहरु तयार गरी आवश्यकताका आधारमा छपाई एवं प्रचार प्रसार गर्ने। ● नियमित एकीकृत रुपमा एक्टिभ र प्यासिभ सर्भिलेन्स कार्यक्रम सञ्चालन गर्ने। ● रोग निगरानीमा समावेश गरीएका रोगहरुको रोकथाम र नियन्त्रणको लागि योजना बनाई कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायलाई सुझाब र जानकारी प्रदान गर्ने। ● स्वास्थ्य संस्थाहरुबाट हरेक हप्ता शून्य प्रतिवेदनको व्यवस्था मिलाई नियमित तथ्याङ्क संकलन एवं विश्लेषण गरी सम्बन्धित निकायहरुमा तथ्याङ्क सार्वजनीकरण गर्ने। ● रोग निगरानी कार्यलाई प्रभावकारी कार्यान्वयन गरी तोकिएका रोगको रोगभार न्यूनीकरण गर्ने साथै अपाङ्गता र मृत्युदरलाई कम गरी गुणस्तरीय जीवन यापनमा सहयोग पु-याउने कार्य गर्ने। मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक प्रतिवेदन गरी सोको समीक्षा समेत गर्ने।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम बमोजिम बजेट बाँडफाँड गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मनत्रालय तथा स्वास्थ्य निर्देशनालयले गर्दछ।
प्रतिवेदन	कार्यक्रम संचालन पश्चात, मासिक, चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा पेश गर्ने।

१७. स्थानीय तहहरूका स्वास्थ्य प्रमुखहरुलाई स्वास्थ्य कार्यक्रमहरूको जिल्ला स्तरमा चौमासिक बैठक तथा योजना तर्जुमा

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४२९	२२५२२	३	पटक	पहिलो, दोस्रो, तेस्रो	तनहुँ, मनाङ, मुस्ताङ, पर्वत – ६००, गोरखा, स्याङ्जा, बाग्लुङ, नवलपुर – ४५०, लमजुङ, कास्की र म्याग्दी – ३००

विषयवस्तु	विवरण
परिचय	विभिन्न तहका स्वास्थ्य संस्थाहरुबाट सम्पादन गर्नुपर्ने कार्यहरु व्यवस्थित र सफलतापूर्वक सम्पन्न गर्न र नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि ती संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई उनीहरुको सीप विकासका अतिरिक्त आवश्यक औषधी, उपकरण, भौतिक सुविधाहरु आदि निरन्तर उपलब्ध भइरहनु पर्ने हुन्छ। स्थानीय तहहरुमा सञ्चालित कार्यक्रमहरुको अवस्था एकिन गर्ने, आगामी दिनहरुमा के कस्ता कार्यक्रमहरु सञ्चालन गर्ने तथा स्वास्थ्य तथ्यांकको प्रयोग गरी कसरी योजना तर्जुमा गर्न सकिन्छ साथै चौमासिक बैठक बसी सो को लागि स्थानिय तहका स्वास्थ्य कार्यक्रमका योजना तर्जुमामा सहयोग पुऱ्याउन यो क्रियाकलाप समावेश गरिएको हो ।
उद्देश्य	स्थानीय तहहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई स्थानिय तहमा स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरु तयार गर्नको लागि दक्ष बनाउने ।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सबै
अपेक्षित प्रतिफल	गुणस्तरीय तथ्याङ्क प्रणालीमा सुधार भई स्थानिय तहको योजना तर्जुमा हुनेछ।
कार्य संचालन प्रकृया	• जिल्ला स्तरमा प्राप्त बजेट तथा कार्यक्रमको आधारमा यो क्रियाकलाप स्वास्थ्य कार्यालयले सबै स्थानिय तहहरुलाई समेटि चौमासिक बैठक तथा वार्षिक योजना तर्जुमा कार्यक्रम आयोजना गर्नेछ।

विषयवस्तु	विवरण
	• विगतमा पालिका स्तरमा संचालित कार्यक्रमहरुको कमि कमजोरी पहिचान गर्ने, सुधार गर्नु पर्ने वुदाँहरु पत्ता लगाई आगामी दिनहरुमा कसरी ब्यवस्थापन गर्ने र अर्को बर्षका लागि चालिनु पर्ने उपायहरु पत्ता लगाउने। • बजेटको अवस्था र स्वास्थ्य क्षेत्रमा के कस्ता क्रियाकलापहरु संचालन गर्ने र देशले विभिन्न राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा स्वास्थ्य क्षेत्रमा गरेका प्रतिवद्धता बमोजिमका लक्ष्य प्राप्ती भए नभएको विषयमा छलफल र आगामी आ.ब.को स्थानीयतहको योजना तर्जुमा कार्यक्रममा समावेश हुने गरी योजना गर्न सक्ने बनाउने साथै गण्डकी प्रदेश स्वास्थ्य नीतिलाई ध्यानमा राखी योजना तर्जुमा कार्यक्रममा छलफल गराउने।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम एवं गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७५ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ।
अनुगमन र मुल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने।

१८. टोल विकास / सहकारी / आमा समूहमा स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रम

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४३०	२२५२२	२	पटक	दोस्रो, तेस्रो	स्वास्थ्य कार्यालयहरु (सबै) – १००

विषयवस्तु	विवरण
परिचय	बिषेश गरी नगर /बजार क्षेत्रमा टोल बिकास समिति सकृय रहेका छन । सहकारीले पनि धेरै व्यक्तिहरुलाइ समेटेको छ ।सबै महिला स्वास्थ स्वयंसेबिका पनि आमा समूहमा सदस्य सचिब रहेका हुन्छन । ति सबैलाइ प्रत्यक्ष रुपमा समुदायमा सुचना फैलाउने माध्यमको रुपमा प्रयोग गर्न सकेमा स्वास्थ्य सम्बन्धि सुचना घरघरमा पुऱ्याउन सहयोग पुग्दछ ।
उद्देश्य	समुदायमा स्वास्थ्य सम्बन्धि जनचेतना फैलाइ स्वास्थ्य सेवाको पहुच बढाइ गुणस्तरिय जिवनयापन गर्ने।
कार्यक्रम संचालन गर्ने निकाय	चैमासिक रुपमा स्वास्थ्य कार्यालयले स्थानिय तहसंग समन्वय गरी सेवाको पहुच कम भएका वडाका स्थानहरुमा स्वास्थ्य कार्यालयबाट सन्चालन गर्ने ।
अपेक्षित प्रतिफल	स्वास्थ्य समवन्धी जानकारी भै सेवाको पहुचमा बृद्धि भएको हुनेछ ।
कार्य संचालन प्रकृया	• स्वास्थ्य सेवाको सुचक कम भएका स्थानिय तहका वडाहरुका टोल विकास संस्था आमा समूह सहकारी छनौट गर्ने । • वडा अध्यक्ष तथा स्वास्थ्य सस्थाका कर्मचारीहरु संग समन्वय गरी खोप सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, रोग नियन्त्रण लगायतका क्षेत्रमा जनचेतनामूलक कार्यक्रम सन्चालन गर्ने ।
बजेट बाँडफाड	प्रचलित ऐन, नियम, मापदण्ड बमोजिम बजेट बाँडफाँड गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ ।साथै सहभागिहरुलाइ प्रति व्यक्ति खाजा खर्च वापत बढिमा रु २०० सम्म उपलब्ध गराउन सकिने ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय पोखरा ।
प्रतिवेदन	कार्यक्रम सचालन पश्चात, चौमासिक तथा बार्षिक प्रतिवेदन स्वास्थ्य कार्यालय पोखरा मार्फत स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा पेश गर्ने ।

१९. यस अघि तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई IHMIS / DHIS - २ तालिम

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४३१	२२५२२	२	पटक	दोस्रो, तेस्रो	गोरखा – ४००, लमजुङ, मनाङ र म्याग्दी – ३००

विषयवस्तु	विवरण
परिचय	आ.व. २०५१/५२ स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागू भए पश्चात स्वास्थ्य सेवाका सूचनाहरु एकद्वार प्रणाली मार्फत उपलब्ध गराउने प्रावधान रहेको छ। स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकासक्रम संगै यसका लागि आवश्यक पर्ने अभिलेख तथा प्रतिवेदन फारमहरु समय सापक्ष रुपमा अद्यावधिक हुदै आएका छन् । हाल अद्यावधिक भएका अभिलेख प्रतिवेदन फारम सहित यस आ.व. मा नयाँ नियुक्त भई यसअघि तालिम नलिएका कर्मचारीहरुलाई परिमार्जित HMIS/LMIS Recording / Reporting Tools सम्बन्धी ज्ञान र सीप दिने अभिप्रायले यो कार्यक्रम राखिएको छ ।
उद्देश्य	• एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HIMS/LMIS) सम्बन्धी ज्ञान प्रदान गर्नु । • स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई परिमार्जित / अद्यावधिक अभिलेख तथा प्रतिवेदन प्रणाली सम्बन्धी ज्ञान र सीप प्रदान गरी तथ्याङ्कको गुणस्तर अभिवृद्धि गर्नु । • परिमार्जित HMIS/LMIS Recording/Reporting Tools भर्ने सीप विकास गराई प्रतिवेदनमा एकरुपता ल्याउनु । • तथ्याङ्क विश्लेषण गर्ने सीप विकास गराउनु ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालय गोरखा, लमजुङ, मनाङ र म्याग्दी
अपेक्षित प्रतिफल	• स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई परिमार्जित अभिलेख तथा प्रतिवेदन प्रणाली सम्बन्धी ज्ञान र सीप विकास भएको हुनेछ। • एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS/LMIS) सम्बन्धी ज्ञान प्राप्त भएको हुनेछ।

विषयवस्तु	विवरण
	• परिमार्जित HMIS/LMIS Recording/Reporting Tools भर्ने सीप विकास भई प्रतिवेदनमा एकरुपता आएको हुनेछ। • तथ्याङ्कको विश्लेषण गर्ने सीप विकास भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी सामुदायिक स्वास्थ्य ईकाई शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट यस पूर्व परिमार्जित HMIS/LMIS Recording/Reporting Tools सम्बन्धी तालिम नपाएका र नयाँ नियुक्त भई आएका कर्मचारीहरुको नामावली तयार गर्नुपर्नेछ। • प्रति ब्याचमा २० – २५ जना सहभागी हुनुपर्नेछ। • यो तालिम सञ्चालन गर्नका लागि स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी तालिम प्राप्त प्रशिक्षक समावेश गरी सञ्चालन गर्ने । • तालिम अवधि : ४ दिन।
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन, नियम बमोजिम बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय पोखरा।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

२०. स्थानीय तहसंगको समन्वयमा (खोप पोषण परिवार नियोजन सुरक्षित मातृत्वसंग) सम्बन्धित सुचकहरु सुधार हुने गरि एकीकृत सुक्ष्मयोजना तयारी

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४३२	२२५२२	२	पटक	दोस्रो, तेस्रो	म्याग्दी – ३००, मनाङ - १५०

विषयवस्तु	विवरण
परिचय	खोप पोषण परिवार नियोजन र सुरक्षित मात्रृत्व सेवाहरुको समुदायका लक्षित वर्गसम्म पुऱ्याई उपयोगको अवस्था बढाउनका लागि स्वास्थ्य संस्था र समुदायमा यी सेवाहरुको पहुँच र उपभोगको स्थिति के के छ भनि पत्ता लगाई विश्लेषणबाट प्राप्त समस्याहरु समाधान गरी सेवाको प्रभावकारीता बढोस भन्नका लागि यो कार्यक्रम राखिएको छ।
उद्धेश्य	• खोप, परिवार नियोजन, पोषण र सुरक्षित मातृत्व कार्यक्रमहरुको स्थानिय तहहरुमा समन्वय गरी बस्तुस्थिती पत्ता लगाउनु, एकीकृत सुक्ष्म योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नको लागि सहयोग पुऱ्याउनु। • खोप, परिवार नियोजन, पोषण, सुरक्षित मातृत्व सेवाको पहुँच र उपभोग दर बढाउनु।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालय म्याग्दी र मनाङ
अपेक्षित प्रतिफल	• खोप, परिवार नियोजन, पोषण र सुरक्षित मातृत्व कार्यक्रमहरुको बस्तुस्थिती, एकीकृत सुक्ष्म योजना निर्माण तथा कार्यन्वयन पश्चात उल्लेखित सेवाहरुको पहुँचमा वृद्धि भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• सबै तथा कमजोर स्वास्थ्यका सुचक भएका स्थानिय तहहरु बजेटको परिधिभित्र रहि छनौट गर्ने ।सो स्थानीय तहका स्वास्थ्य संस्थाहरु समेटी कार्यक्रम सञ्चालन गर्ने। • खोप र परिवार नियोजनको माइक्रोप्लानिङको लागि केन्द्रको फारम प्रयोग गर्ने। पोषण र सुरक्षित मातृत्व सेवाहरुको स्वास्थ्य निर्देशलालयले उपलब्ध गराए बमोजिमको फारम प्रयोग गर्ने। • सम्बन्धित स्थानिय तहहरुसंग समन्वय गरी सेवाको पहुँचमा कमि भएको स्वास्थ्य संस्था भएको वडा तथा टोल पहिचान गर्ने।

विषयवस्तु	विवरण
	• एकिकृत सुक्ष्मयोजना तयारी कार्यक्रम स्थानिय तहमा नै संचालन गर्ने र सो कार्यक्रम गाउँपालिकाको हकमा १ दिन कार्यक्रम सञ्चालन गर्ने र बजेट उपलब्ध भएसम्म सबै स्थानीय तहमा संचालन गर्ने। • सुक्ष्म योजनामा प्रयोग हुने Tools को बारेमा स्वास्थ्य कार्यालयले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । • Tools को बारेमा स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई जानकारी गराउने । • अनुसूचीमा उल्लेख भएका Tools तयारी गर्ने कार्य सञ्चालन विधि र खर्च वाँडफाँड बारे निर्णय गर्ने । • कार्यक्रममा उल्लेखित विषय वस्तुहरुको कभरेज बढाउनका लागि स्वास्थ्य कार्यालय, स्थानीय स्वास्थ्यकर्मी, जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सहभागी गराउने • उक्त कार्यक्रममा स्थानिय स्वास्थ्य संस्थाबाट उल्लेखित कार्यक्रमका फोकल पर्शन नर्सिङ्ग कर्मचारी तथा पारामेडिक्स र स्वास्थ्य शाखाबाट १ जना र स्वास्थ्य निर्देशनालयको अनिवार्य उपस्थिति हुनु पर्नेछ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समेत अनुगमन गर्न सकिने छ । • कार्यक्रममा सहयोग पु-याउने संघ संस्थाका प्रतिनिधि । • स्वास्थ्य संस्थाको मासिक प्रतिवेदनको विष्लेषण गरी प्रतिवेदन तयार गर्ने । • सुक्ष्म योजना गरेका सबै क्षेत्रको प्रतिवेदनहरु जिल्लामा प्राप्त गरी समायोजित जिल्ला प्रतिवेदन तयार गर्ने र त्यसलाई प्रमाणित गरी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा १ महिना भित्र पठाउने । • विश्लेषणबाट प्राप्त समस्याहरुलाई समाधान गर्नको लागि सम्बन्धित स्थानीय तहसँग छलफल गर्ने र जिम्मेवारी बाँडफाँट गरी समस्या समाधान गरी खोप, पोषण परिवार नियोजन र सुरक्षित मातृत्व सेवाको पहुँच र उपभोग बढाउने क्रियाकलाप गर्ने, सबालहरु सम्बोधन गर्न वकालत गर्ने, बजेट बिनियोजनका लागि अनुरोध गरी योजनाको सफल कार्यान्वयन गर्ने।
बजेट बाँडफाँट	निर्देशिका कार्यविधि अनुसार विनियोजित रकम बाँडफाँट गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्ने ।

विषयवस्तु	विवरण
अनुगमन र मूल्याङ्कन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय पोखरा ,।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने।

२१. स्वास्थ्य स्वयंसेविका भत्ता

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.१६०	२२५२२	१	पटक	दोस्रो	कास्की - ६५००, बाग्लुङ - ५८००, लमजुङ - ४१००, गोरखा - ३८००, स्याङ्जा - ३७००, पर्वत - ३१००, तनहुँ - २८५०, म्याग्दी - २३००, नवलपुर - २२००, मुस्ताङ - ९०० र मनाङ - ७५०

विषयवस्तु	विवरण
परिचय	राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन, २०७६) अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनोट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवी भई कार्य गर्न तत्पर भएका, सम्वन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्‍याउने स्वयंसेवी महिलालाई जनाउँछ । अतः स्वयंसेवी भावनाले प्रेरीत भई निःशुल्क रुपमा समुदायस्तरमा समुदायकै महिलाहरुको सहभागितामा समुदायका महिलाहरु मध्येबाट स्वास्थ्य सम्वन्धी परामर्श, सेवा र सल्लाह वृद्धि गर्ने उद्धेश्यले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको छनौट गरिन्छ र विभिन्न प्रकारका तालिम, गोष्ठी, भेला आदिको माध्यमबाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य सम्वन्धी क्षमता अभिवृद्धि गरिन्छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाबाट समुदायस्तरमा जनचेतना, प्रचार प्रसार, सूचनाहरु सम्प्रेषण, आवश्यक परामर्शको साथै परिवार नियोजन, मातृ स्वास्थ्य प्रवर्धन, नवशिशु स्वास्थ्य प्रवर्धन, बाल स्वास्थ्य प्रवर्धन, सरुवा रोग तथा महामारी नियन्त्रण आदी क्षेत्रमा प्रत्यक्ष योगदान हुँदै आएको छ । जसको फलस्वरुप गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रलाई गुणस्तरिय एवं प्रभावकारी बनाउनमा सहयोग पुगेको छ । गण्डकी प्रदेश अन्तगर्तका जिल्लाहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु कार्यरत रहनु भएको छ । अतः स्वयंसेवी भावनाले प्रेरीत भई निःशुल्क रुपमा समुदायस्तरमा स्वास्थ्य क्षेत्रमा सेवा गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सेवा गर्ने सिलसिलामा हुने भैपरी एवं विविध खर्चलाई व्यवस्थापन गर्न प्रोत्साहन स्वरुप यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	स्वयंसेवी भावनाले प्रेरीत भई निःशुल्क रुपमा समुदायस्तरमा स्वास्थ्य क्षेत्रमा सेवा गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सेवा गर्ने सिलसिलामा हुने भैपरी एवं विविध खर्चलाई व्यवस्थापन गर्न प्रोत्साहन स्वरुप बार्षिक रुपमा केही रकम भत्ता स्वरुप उपलब्ध गराउनु ।

विषयवस्तु	विवरण
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै
अपेक्षित प्रतिफल	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सेवा गर्ने सिलसिलामा हुने भैपरी एवं विविध खर्चलाई व्यवस्थापनमा पुगी समुदायस्तरमा सेवा प्रवाह गर्न प्रोत्साहन हुनेछ।
कार्य सञ्चालन प्रकृया	• सम्बन्धित स्वास्थ्य कार्यालयले जिल्ला भित्र चालु आ.व. २०७९/८० मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको नामनामेसी सहितको तथ्याङ्क / विवरण अध्यावधिक गर्ने। • आ.व. २०७९/८० मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक प्रोत्साहन भत्ता स्वरुप प्रति स्वयंसेविका रु. ६,०००।– (छ हजार) का दरले थप प्रोत्साहन भत्ता उपलब्ध गराउने। • भत्ता रकम अनिवार्य रुपमा सम्बन्धित स्वयसेविकाको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ। **स्पष्टिकरण:** • चालु आ.व. २०७९/८० मा अवकाश प्राप्त भन्नाले :- (मिति २०७९०४०१ गते देखि २०८० आषाढ मसान्तसम्म अवकास भएका वा अवकास हुने महिला स्वास्थ्य स्वयम् सेविका भन्ने बुझ्नु पर्दछ।) साथै नेपाल सरकारबाट उपलब्ध हुने सम्मान स्वरुप दिईने रकम बिदाई हुने समयमा स्वास्थ्य कार्यालय मार्फत स्थानिय तहहरुसँग समन्वय गरी उपलब्ध गराउने।
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन नियम एवं गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७५ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ।
अनुगमन र मूल्याङ्कन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश।
प्रतिवेदन	हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई बार्षिक प्रोत्साहन भत्ता उपलब्ध गराएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको विवरण सहितको प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्नुपर्नेछ।

२२. औषधीहरुको बफर स्टक पाईलिङ्

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
७.२.११.१०	२७२१३	१	पटक	पहिलो	स्वास्थ्य कार्यालयहरु (सबै) - २००

विषयवस्तु	विवरण
परिचय	विभिन्न समयमा आइ पर्ने सरुवा रोगको महामारी तथा प्रकोपको अवस्थावाट सृजना हुन सक्ने स्वास्थ्य समस्याको निदान, उपचार एवं व्यवस्थापनका लागि आवश्यक पर्ने लगायतका स्वास्थ्य सामग्रीको साथै यस जिल्लाभित्र रहेका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा आकस्मिक तथा महामारी वा विपद रोकथामका र त्यसका लागि व्यवस्थित रुपमा महामारी तथा विपद् र सो पश्चात प्रकोपबाट हुने जोखिम न्यूनिकरण र प्रभावकारी व्यवस्थापन गर्न आवश्यक पर्ने औषधिहरु खरिद गर्नका लागि यो कार्यक्रम राखीएको हो ।
उद्देश्य	महामारी एबं प्रकोपजन्य अवस्थामा आवश्यक पर्ने तथा औषिधीजन्य सामाग्री तथा स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाह गर्न आवश्यक आकस्मिक औषिधीहरुको खरिद गरी उपलब्धता सुनिश्चित गर्नु ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सबै
अपेक्षित प्रतिफल	प्रकोपविपद् का समयमा अग्रिम रुपमा औषध/महामारी/िको स्टक पाइलिङ हुने भएकाले प्रकोप व्यवस्थापनका लागि तयारी अवस्थामा रहन सहयोग पुग्नेछ र हुन सक्ने सम्भावित क्षति कम हुनेछ ।
कार्य सञ्चालन प्रक्रिया	• खरिद समितिले आवश्यक औषधिहरुको परिमाण तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने । • स्वीकृत स्पेसिफिकेसनको आधारमा दररेट लिइ लागत अनुमान, विडिङ्ग डकुमेन्ट तयार, सूचना प्रकाशन, मूल्याङ्कन, सम्झौता, कार्यादेश तयार गरी खरिद गर्ने। • खरिद गरीएका औषधिहरु सम्बन्धीत प्राविधिकको संलग्नतामा मूल्याङ्कन र रुजु गरी दाखिला गर्ने ।

विषयवस्तु	विवरण
	● कार्य सम्पन्न पश्चात स्वीकृत स्पेसिफिकेसन बमोजिम भए नभएको सम्बन्धीत प्राविधिकबाट प्रतिवेदन तयार गरी भुक्तानी दिने । **नोटः यस शीर्षकबाट आकस्मिक औषधीहरु खरिद गर्न सकिनेछ ।**
बजेटबाँडफाँट	सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रहि खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्याङ्कन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय, पोखरा ।
प्रतिवेदन	कार्यक्रम सम्पन्न पश्चात फोटो सहितको मासिक चौमासिक र वार्षिक प्रगति प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ ।

२३. स्वास्थ्य सामग्री, औषधी, उपकरणको प्याकिङ्ग एवं ढुवानी

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
७.२.१२.२	२७२१३	३	पटक	पहिलो, दोस्रो, तेस्रो	स्वास्थ्य कार्यालयहरु (सबै) - २००

विषयवस्तु	विवरण
परिचय	नि:शुल्क तथा आधारभूत स्वास्थ्य सेवाका औषधिहरु तथा उपकरण लगायतका सामग्री स्वास्थ्य संस्थाहरु सम्म ढुवानी तथा वितरण समेत गर्ने कार्य मा यो वजेट प्रयोग गरीनु पर्नेछ। विभिन्न समयमा खरिद गरीने औषधि तथा औषधिजन्य सामाग्रीहरु र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत प्राप्त सामग्रीहरु स्थानीय तह एवम् स्वास्थ्य संस्था सम्म ढुवानी र पुन: वितरण कार्यलाई प्रभावकारी बनाउनका लागि यो कार्यक्रम राखिएको हो।
उद्देश्य	• स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यका लागि आवश्यक नि:शुल्क अत्यावश्यक औषधिहरूको निरन्तर आपूर्ति व्यवस्था मिलाउनु । • स्वास्थ्य संस्थाहरुमा तथा स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गर्नु । • औषधिको नियमित वितरण, आकस्मिक वितरण र पुन: वितरण गर्ने व्यवस्था मिलाउनु । • विभिन्न HMIS/LMIS अभिलेख तथा प्रतिवेदन फारमहरु समयमानै स्वास्थ्य संस्था सम्म उपलब्ध गराउनु।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सबै
अपेक्षित प्रतिफल	नि:शुल्क तथा आधारभूत स्वास्थ्य सेवाका लगायतका सामग्री स्वास्थ्य संस्थाहरु सम्म नियमित आपूर्ति हुने र तथा समानको उपलव्धता भई प्रयोग हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• जिल्ला भित्रका स्वास्थ्य संस्थाहरुमा ढुवानी गर्दा लाग्ने खर्च जिल्ला दर रेट समितिको निर्णय अनुसार अनुमान गर्ने। • ढुवानीका लागि आवश्यकता अनुसार भरिया वा सवारी साधनको व्यवस्था गर्ने। • स्वास्थ्य संस्थाहरुमा माग र आवश्यकताको आधारमा तथा औजार उपकरणको- प्याकिङ्ग, रिप्याकिङ्ग, ढुवानी र वितरणको परिमाण तयार गर्ने।

विषयवस्तु	विवरण
	• कार्ययोजना बमोजिमको विनियोजित वजेटको परिधिमा रही ढुवानी र वितरण गर्ने।
बजेट बाँडफाँट	सार्वजनिक खरिद ऐन २०६३ ,सार्वजनिक खरिद नियमावलि २०६४ ,(संसोधन साहित)गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रहि खर्च गर्न सकिने छ।
अनुगमन र मूल्याङ्कन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय, पोखरा।
प्रतिवेदन	कार्यक्रम सम्पन्न पश्चात फोटो सहितको मासिक चौमासिक र वार्षिक प्रगति प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ।

२४. तथ्याङ्कको गुणस्तर सुधारका लागि आर डी क्यू ए

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४४०	२२५२२	१	पटक	दोस्रो	लमजुङ - १५०

विषयवस्तु	विवरण
परिचय	स्वास्थ्य सेवा प्रदान गर्दा स्वास्थ्य संस्थाहरुले उक्त सेवाको विवरण तोकिएको फर्म फर्मेटमा अभिलेख राख्ने र त्यस्ता अभिलेखहरु व्यवस्थित रुपमा हेर्न र प्रयोग गर्न DHIS२ सफ्टवेरमा ईन्ट्री गर्नु पर्दछ ।यस्ता रेकर्ड र रिपोर्टमा एकरुपता, शुद्धता, नियमितता हुने गरी तथ्याङ्कलाई व्यवस्थितरुपमा राखे नराखेको हेरी कर्मचारी स्वयंलाई उक्त कुराको बोध गराउन र तथ्याङ्कको गुणस्तर अभिवृद्धि गर्न RDQA कार्यक्रमको महत्वपूर्ण भुमिका रहेको हुन्छ ।यो कार्यक्रम यस प्रदेश स्तरमा स्वास्थ्य तथ्याङ्कको रेकर्ड र रिपोर्ट चुस्त दुरुस्त राख्ने अभिप्रायले राखिएको हो ।
उद्देश्य	स्वास्थ्य संस्थाको स्वास्थ्य तथ्याङ्कहरुको अभिलेख तथा प्रतिवेदनमा पूर्णता, एकरुपता, आधिकारिकता, निरन्तरता र विश्वसनियता पहिचान एवं मूल्याङ्कन गरी प्रणालीगत गुणस्तर अभिवृद्धि गर्नु ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालय, लमजुङ ।
अपेक्षित प्रतिफल	गुणस्तरीय तथ्याङ्क प्रणालीमा सुधार भई प्रदेशमा यथार्थरुपमा स्वास्थ्य सूचना प्रणालीको विकास हुने ।
कार्य सञ्चालन प्रकृया	• कार्यक्रमगत मुख्य मुख्य सुचकहरुको छनौट गरी लिष्ट तयार पार्ने । • अस्पताल, प्रा.स्वा.के. र स्वास्थ्य चौकीहरुको तथ्याङ्कको Low and High Reporting status तथा Data Qualityका आधारमा प्रदेशका सवै जिल्ला समेटिने गरी स्वास्थ्य संस्था छनौट गरी छनौटमा परेका स्थानीय तह भित्रका २/२ वटा स्वास्थ्य संस्थाको RDQA गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको चेकलिष्ट प्रयोग गर्ने र आवश्यकता परेमा यसलाई परिमार्जन गर्ने ।

विषयवस्तु	विवरण
	• तथ्याङ्कको भेरिफिकेशन गर्दा सम्वन्धित स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख, सम्वन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरु, स्वास्थ्य कार्यालयका सम्बन्धित सम्पर्क व्यक्तिहरु, निर्देशनालयका तथ्याङ्क अधिकृतहरु लगायतको सहभागिता रहने छ। • सम्बन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुख सहितको RDQAगर्ने टिम र स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई शुरुमा अभिमुखीकरण गर्ने र उपलब्ध फर्म फर्मेटहरुको आधारमा तथ्याङ्क भिडाई तोकिएको लिस्ट अनुरुपका तथ्याङ्कको भेरिफिकेशन गर्ने। • तथ्याङ्कको Variation देखिएमा त्यसलाई सच्याउन स्वास्थ्य संस्थाका कर्मचारीलाई अभिप्रेरित र पृष्ठपोषण गर्ने।
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन नियम एवं गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७५ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयवाट हुने।
प्रतिवेदन	फिल्डकार्य पश्चात RDQAकार्यमा भएको कृयाकलाप दिईएका सुझाव समाधानका उपाय सहितको प्रतिवेदन तयारी गर्ने तथा DHIS२ Software मा देखिएका नितिगत प्रकृयागत समस्या भएमा स्वास्थ्य निर्देशनालय र DHIS २ Software सम्वन्धी सुधारका पक्षहरु स्वास्थ्य सेवा विभाग IHMIS शाखामा प्रतिवेदन गर्ने।कार्यक्रम सम्पन्न पश्चात मासिक चौमासिक र वार्षिक प्रगति प्रतिवेदन गर्ने।

२५. नवलपरासी जिल्लाका सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरुलाई तालिम तथा उपचार केन्द्रमा सामाग्रि खरीद तथा व्यवस्थापन

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४३६	२२५२२	३	पटक	पहिलो, दोस्रो, तेस्रो	नवलपुर - ३००

विषयवस्तु	विवरण
परिचय	नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र आसपासका जिल्लाका सर्पले टोकेका व्यक्तिहरुलाई उपचार सेवा छिटो छरितो र प्रभावकारी रुपमा समयमै उपलब्ध गराउन दुम्किबास स्वास्थ्य चौकी (अस्पताल), चोरमारा प्राथमिक स्वास्थ्य केन्द्र, हुप्सेकोट देउरालि अस्पताल, दुम्कौली आस्पताल, गैडाकोट नगर आस्पताल बुलिङटार प्राथमिक स्वास्थ्य केन्द्र रकुवा प्राथमिक स्वास्थ्य केन्द्र लगाएतका स्वास्थ्य संस्थाबाट सर्पदंशको उपचार नियमित रुपमा संचालन गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	जिल्लामा रहेका स्वास्थ्य स्वास्थ्य संस्थावाट, सर्पदंशको उपचार सेवा निरन्तरता भई प्रभावकारी उपचार सेवा उपलब्ध गराउनु।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालय नवलपरासी बसुपु ।
अपेक्षित प्रतिफल	दुम्किबास चोरमारा ,प्राथमिक स्वास्थ्यकेन्द्र ,दम्कौली आस्पताल , हुप्सेकोट देउरालि अस्पताल, गैडाकोट नगर आस्पताल र बुलिटार प्राथमिक स्वास्थ्यकेन्द्र लगाएतका स्वास्थ्य संस्थाबाट सर्पदंश उपचार सेवाको निरन्तरता भई प्रभावकारी उपचार सेवा उपलब्ध भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	● सर्पदंश उपचारमा संलग्न चिकित्सक, नर्स, पारामेडिक्सलाई एक दिनको तालिम दिने । ●सर्पदंशको सेवा निरन्तर गर्नका लागि आवश्यक पर्ने औषधी, सामग्री तथा औजार-उपकरण खरिद गरी वितरण गर्ने । ●सर्पदंशको सेवाको उपलब्धताको बारे प्रचार-प्रसार गर्ने । ●सर्पदंश कार्यक्रमलाई निरन्तरता दिनको लागि सम्बन्धीत स्थानिय तहसँग समन्वय गर्ने ।

विषयवस्तु	विवरण
	●सहभागि छनौट गर्दा प्रकोप बढी भएका स्थानहरु जस्तै स्याडजाको चापाकोट क्षेत्रबाट समेत सहभागि गराउने । ●प्रशिक्षकको रुपमा भरतपुर अस्पतालबाट विशेषज्ञ आमन्त्रण गर्ने ।
बजेट बाँडफाँट	प्रचलित आर्थिक ऐन नियम बमोजिम बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्न सकिने छ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्य प्रगतिको अनुगमन गर्ने ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

२६. जेष्ठ नागरिक अल्जाइमर रोगको स्क्रिन टेष्ट, पोखरा १७

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.५३६	२२५२२	१	पटक	दोस्रो	कास्की - १०००

विषयवस्तु	विवरण
परिचय	नेपालमा पछिल्लो समयमा नसर्ने रोगहरू प्रमुख जनस्वास्थ्य समस्याको रूपमा देखा पर्दै आएका छन्।विश्व स्वास्थ्य सङ्गठन ,नेपालको २०१४ को प्रतिवेदन अनुसार नेपालमा हुने कुल मृत्यु मध्ये ६० प्रतिशत नसर्ने रोगहरू जस्तै: मुटु तथा रक्तनलीका रोग (Cardiovascular diseases), मधुमेह (Diabetes Mellitus), क्यान्सर तथा दीर्घ प्रकृतिका श्वासप्रश्वास रोगहरू (Chronic Obstructive Pulmonary Diseases),अल्जाइमर लगायत बाट हुने गरेको उल्लेख छासम्पूर्ण नेपाली जेष्ठ नागरिकहरूमा उच्चतम स्वास्थ्य तथा गुणस्तरीय जीवनको प्रत्याभूति दिलाउन र अल्जाइमर रोगमा कमी ल्याउन, यसबाट हुने अपाङ्गता दर न्यूनिकरण गर्न र अकाल मृत्युबाट बचाउन स्थानीय तहको समन्वयमा अल्जाइमर रोगको निःशुल्क स्वास्थ्य तथा स्क्रिनिङ शिविर सञ्चालनको लागि यो कार्यक्रम राखिएको हो।
उद्देश्य	नसर्नेरोगहरू मध्ये अल्जाइमर रोगको रोकथाम गर्न शुरूकै अवस्थामा पहिचान, उपचार व्यवस्थापन तथा प्रेषण गर्न सक्षम हुने उद्देश्यका साथ जेष्ठ नागरिकहरुलाई यो रोगबाट हुने जोखिम न्यूनीकरणमा सहयोग हुनेछ।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय, कास्की
अपेक्षित प्रतिफल	जेष्ठ नागरीकमा हुने अल्जाइमर रोगको वारेमा समयमै पहिचान भई , उपचार व्यवस्थापनमा सहज हुनेछ, जसले गर्दा यो रोगबाट हुने जोखिम न्यूनीकरण भई रोग पश्चात हुने Morbidity & Disability मा समेत कमि हुनेछ।
कार्यसंचालन प्रकृया	• यो कार्यक्रम कास्की जिल्ला पोखरा महानगर पालिका वडा नं १७ स्थित वृद्धाश्रम वा मानव सेवा आश्रममा संचालन गर्नु पर्नेछ।

विषयवस्तु	विवरण
	• विशेषज्ञ सहितको प्राविधिक टिम, औषधी, प्रयोगशाला तथा अन्य आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्ने। • स्थानीय तहसँग समन्वय गरी प्रचार प्रसार गर्ने। • शिविर सञ्चालन गर्दा औषधी वितरणलाई भन्दा अल्जाइमर रोगको पहिचान (स्क्रिनिङ्ग) लाई प्राथमिकता दिने। • अल्जाईमर रोगका साथै वृद्धा अवस्थामा हुन सक्ने विभिन्न सरुवा तथा नसर्ने रोगहरुलाई पनि प्राथमिकला दिई स्क्रिनिङ्ग शिविर सञ्चालन गर्न सकिनेछ। • शिविर सञ्चालन गर्दा रोगको निदान उपचार नहुने भएमा उपयुक्त ठाँउमा प्रेषण गर्न सहजिकरण गर्ने। • यो कार्यक्रम सञ्चालन गर्नु पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गर्ने। • शिविरमा भए गरेका क्रियाकलापको पूर्ण अभिलेख राख्ने।
बजेट बाँडफाड	प्रचलित आर्थिक ऐन नियम एवं गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७५ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्य प्रगतिको अनुगमन गर्ने।
अपेक्षित प्रतिफल	स्वास्थ्य सेवाको पहुंचबाट टाढा रहेका जेष्ठ नागरिकको विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य तथा स्क्रिनिङ शिविर सहज रुपमा सञ्चालन हुनेछ।
प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने।

२७.   स्वास्थ्यकर्मीहरुका लागि High Altitude Sickness सम्वन्धि तालिम तथा अभिमुखिकरण

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
२.७.२२.४३७	**२२५२२**	**२**	**पटक**	**पहिलो, दोस्रो**	**मनाङ - २४०**

विषयवस्तु	विवरण
परिचय	गण्डकी प्रदेशका उच्च भेगमा बसोबास गर्ने ब्यक्ति, घुम्न आउने आन्तरीक र बाह्य पर्यटकलाई High Altitude Sickness हुने सम्भाबना हुन्छ। यसको ब्यबस्थापन गर्नका लागि स्वास्थ्यकर्मी सक्षम हुन जरुरी छ। यस्ता समस्याहरुको प्राथमीक रुपमा उपचार गर्न सक्षम बनाईने उद्देश्यले यो तालिमको तथा अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको हो।
उद्देश्य	लेक लाग्ने समस्यको पहिचान र उपचार गर्नका लागि सक्षम बनाउन मनाङ र मुस्ताङ्ग जिल्लाका स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि भइ स्वास्थ्य संस्थाबाट लेक लाग्ने समस्या निदान गरी उपचार सेवा बिस्तार हुने भएकोले आन्तरीक र बाह्य पर्यटकलाई लक्षित गरी यो कार्यक्रम राखिएको हो।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय मनाङ
अपेक्षित प्रतिफल	• उच्च पहाडी तथा हिमाली भेगमा काम गर्ने स्वास्थ्यकर्मीहरुलाई लेक लाग्ने समस्याको पहिचान तथा व्यवस्थापन गर्न सक्षम बनाउने।
कार्यसंचालन प्रकृया	• तालिम संचालनको विधि, प्रशिक्षार्थीको छनैाट ,सहजकर्ता छनैाट तथा तालिम सञ्चालन मिति उल्लेख गरी कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराउने। सहभागी: • लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङ अन्तर्गत रहेका Treaking Route आसपासका स्वास्थ्य संस्थाहरुमा कार्यरत उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीहरुलाई तालिम दिने। • सहभागी संख्या: २० जना प्रति समूह • सहजकर्ता: लेक लाग्ने रोग सम्बन्धी तालिम प्राप्त चिकित्सक • राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको तालिम निर्देशिका बमोजिम तालिम सञ्चालन गर्ने।

विषयवस्तु	विवरण
बजेट बाँडफाड	• निर्देशिका/कार्यविधि अनुसार विनियोजित रकम बाँडफाड गरि कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्ने ।
अनुगमन र मूल्यांकन	• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय पोखरा।
प्रतिवेदन	• कार्यक्रम सचालन पश्चात मासिक चौमासिक र वार्षिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय पोखरा मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मन्त्रालयमा पेश गर्ने ।

२८. कार्यालय भवनको छतमा ट्रष्ट एवं हल निर्माण / चमेना गृह निर्माण / तालिम हल निर्माण / कार्यालय भवन, शौचालय एवं कम्पाउण्ड पर्खाल मर्मत सम्भार (आदी निर्माण सम्वन्धी कार्य)

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
११.१.२.१८ ११.१.२.१९ ११.१.२.२० ११.१.२.२१	३१११२	१	पटक	पहिलो	गोरखा – ३०००, पर्वत – १५००, स्याङ्जा – ३०००, म्याग्दी – १५००
११.४.२२.१०	३११५९	१	पटक	पहिलो	गोरखा – १०००
११.१.३.२	३११६१	१	पटक	पहिलो	लमजुङ, तनहुँ, कास्की , मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी - ५००, बाग्लुङ - १०००
११.५.२४.२	३११७२	१	पटक	पहिलो	नवलपुर - ५००

विषयवस्तु	विवरण
परिचय	कार्यालय भवनको छतमा ट्रष्ट एवं हल निर्माण / चमेना गृह निर्माण / तालिम हल निर्माण / कार्यालय भवन, शौचालय एवं कम्पाउण्ड पर्खाल मर्मत सम्भार (आदी निर्माण सम्वन्धी कार्य) गरी सरकारी सम्पतिको संरक्षण गर्नुका साथै चुस्त दुरुस्त राख्नु पर्ने हुन्छ ।समयमा नै भौतिक संरचनाहरुको संरक्षण गर्न सकेमा थप क्षति हुन बाट बचाउन सकिने भएकोले कार्यालय भवनको मर्मत संभार गर्नु जरुरी हुन्छ ।
उद्देश्य	कार्यालय भवनको छतमा ट्रष्ट एवं हल निर्माण / चमेना गृह निर्माण / तालिम हल निर्माण / कार्यालय भवन, शौचालय एवं कम्पाउण्ड पर्खाल मर्मत सम्भार (आदी निर्माण सम्वन्धी कार्य)
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सबै
कार्य सञ्चालन प्रक्रिया	• कार्यालयको समितिको बैठक बसी मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको पहिचान गर्ने • आवश्यकताको प्राथमिकीकरण गर्ने • प्राथमिकताको आधरमा मर्मत सम्भार गर्नुपर्ने भवन, भौतिक संरचनाको प्राविधिक बाट ल.ई तयार गरी कार्ययोजना स्वीकृत गर्ने • बोलपत्र सूचना प्रकाशन गरी छनौट गर्ने • सम्झौता गर्ने, • कार्य सम्पादनको अनुगमन गर्ने • प्राविधिकको प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने

विषयवस्तु	विवरण
बजेट बाँडफाँट	सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४ (संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रहि खर्च गर्न सकिने छ।
अपेक्षित प्रतिफल	बिग्रेभत्केका सरकारी संरचना मर्मत भई सार्वजनिक सम्पतिको संरक्षण हुनुका साथै प्रभावकारी सेवा प्रवाह सुनिश्चित हुनेछ ।
अनुगमन र मूल्याङ्कन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय, पोखरा।
प्रतिवेदन	कार्यक्रम सम्पन्न पश्चात फोटो सहितको मासिक चौमासिक र वार्षिक प्रगति प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ।

२९. कार्यालयका लागि आवश्यक मेसिनरी औजार उपकरण खरिद / इन्भटर / सोलार / Power Backup

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
११.३.७.२९ ११.३.७.६ ११.३.७.११	३११२२	१	पटक	पहिलो	तनहुँ – ४००, मनाङ, मुस्ताङ, पर्वत, गोरखा, स्याङ्जा, बाग्लुङ, नवलपुर, कास्की, म्याग्दी – ५००, लमजुङ – १०००

विषयवस्तु	विवरण
परिचय	सेवा प्रवाह गर्दा विद्युतिय साधनको अधिकतम् अभ्यास गरी प्रविधि मैत्रि तवरवाट कार्य सम्पादन गर्नुपर्छ । यसो गर्दा सेवा प्रवाहमा कागजि प्रयोगमा कमी आउनुको साथै सेवा प्रवाहमा छिटो छरितो हुने गर्छ । स्वास्थ्य कार्यालयको सेवालाई सुरक्षित, भरपर्दो तथा गुणस्तरीय बनाउनको लागि र तथ्यांकको अभिलेख सुनिश्चितताका लागि इलेक्ट्रोनिक सामग्री जस्तै कम्प्युटर, ल्यापटप, फोटोकपी मेशिन स्क्यानर, प्रोजेक्टर, एसी, पङ्खा जस्ता उपकरण आवश्यक पर्ने हुंदा सो को खरिदका लागि यो कार्यक्रम अन्तर्गत बजेट विनियोजन भएको छ ।
उद्देश्य	• कार्यालयको सेवाको निरन्तर र गुणस्तरीय सेवा सुनिश्चितता हुनु। • कार्यालयबाट संचालन हुने कार्यक्रमलाई लाई चुस्त दुरुस्त बनाउनु ।
कार्यक्रम सञ्चालन गर्ने निकाय	स्वास्थ्य कार्यालयहरु सबै
कार्य सञ्चालन प्रकृया	• खरिद समितिले आवश्यक औजार, उपकरण र मेशिन औजारहरुको लागत अनुमान सहितको समाग्रीको सूची, औजार र उपकरणको स्पेसिफिकेसन एवम् परिमाण तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने । • स्वीकृत स्पेसिफिकेसनको आधारमा दररेट लिइ लागत अनुमान, विडिङ्ग डकुमेन्ट तयार, सूचना प्रकाशन, मूल्याङ्कन, सम्झौता, कार्यादेश तयार गरी खरिद गर्ने • खरिद गरीएका औजार, उपकरण सम्बन्धीत प्राविधिकको संलग्नतामा मूल्याङ्कन र रुजु गरी दाखिला गर्ने । • कार्य सम्पन्न पश्चात स्वीकृत स्पेसिफिकेसन बमोजिम भए नभएको सम्बन्धीत प्राविधिकबाट प्रतिवेदन तयार गरी भुक्तानी दिने ।
बजेट बाँडफाँट	सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४ (संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रहि खर्च गर्न सकिने छ ।
अपेक्षित प्रतिफल	• कार्यालयबाट संचलित हुने कार्यक्रममा सहजता हुनेछ ।

विषयवस्तु	विवरण
	• विद्यमान कार्यालय सञ्चालनलाई चुस्तदुरुस्त राखी समयमै कार्य सम्पादनमा सहयोग पुग्ने। • कार्यालयको दैनिक प्रशासनिक कामकाज सहज भएको हुनेछ ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय, पोखरा ।
प्रतिवेदन	कार्यक्रम सम्पन्न पश्चात फोटो सहितको मासिक चौमासिक र वार्षिक प्रगति प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ ।

३०. कार्यालयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद

PLMBIS Code	खर्च शीर्षक	लक्ष्य	इकाई	समय अवधि (चौमासिक)	विनियोजित रकम (रु.हजारमा)
११.६.१३.२	३११२३	१	पटक	पहिलो	(तनहुँ, मनाङ, मुस्ताङ, पर्वत, गोरखा, स्याङ्जा, बाग्लुङ, नवलपुर, कास्की, म्याग्दी, लमजुङ – ५००)

विषयवस्तु	विवरण
परिचय	कार्यालयको दैनिक तथा बिबिध क्रियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने फर्निचर तथा फिक्चर्सको व्यवस्था गर्नका लागि यो कार्यक्रम राखिएको छ।
उद्देश्य	कार्यालयको दैनिक तथा प्रशासनिक कार्यसम्पादन लाई चुस्त दुरुस्त र समय सापेक्ष बनाउनु।
कार्यक्रम संचालन गर्ने निकाय	स्वास्थ्य कार्यालय सबै
कार्यसंचालन प्रकृया	• खरिद समितिले फर्निचर तथा फिक्स्चरको सामाग्रीहरुको लागत अनुमान सहितको समाग्रीको सूची तयार, फर्निचर तथा फिक्चर्सको स्पेसिफिकेसन एवम् परिमाण तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने। • स्वीकृत स्पेसिफिकेसनको आधारमा दररेट लिइ लागत अनुमान, विडिङ्ग डकुमेन्ट तयार, सूचना प्रकाशन, मूल्याङ्कन, सम्झौता, कार्यादेश तयार गरी खरिद गर्ने • खरिद गरीएका फर्निचर तथा फिक्स्चर सम्बन्धीत प्राविधिकको संलग्नतामा मूल्याङ्कन र रुजु गरी दाखिला गर्ने। • कार्य सम्पन्न पश्चात स्वीकृत स्पेसिफिकेसन बमोजिम भए नभएको सम्बन्धीत प्राविधिकबाट प्रतिवेदन तयार गरी भुक्तानी दिने।
बजेट बाँडफाँट	सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४ (संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रहि खर्च गर्न सकिने छ।
अपेक्षित प्रतिफल	कार्यालयको दैनिक प्रशासनिक कामकाज सहज हुनेछ।
अनुगमन र मूल्यांकन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालय, पोखरा।
प्रतिवेदन	कार्यक्रम सम्पन्न पश्चात मासिक चौमासिक र वार्षिक प्रगति प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ।

३१. स्वास्थ्य कार्यालय, लमजुङको P-LMBIS मा प्रविष्टि भएको तपसिल बमोजिमका लमजुङ अस्पताल, लमजुङ तर्फका कार्यक्रमहरु आ.व. २०७९/०८० मा अस्पतालहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको सञ्चालन मापदण्ड बमोजिम गर्ने ।

PLMBIS Code	खर्च शीर्षक	कार्यक्रम	रकम (हजारमा)
२.७.२२.१२८	२२५२२	मासिक HMIS Reporting, अस्पतालहरुमा सञ्चालित कार्यक्रमहरुको HMIS Data Verification र समिक्षा	१५०
२.७.२२.३७४	२२५२२	स्वीकृत कार्यविधि बमोजिम रगत तथा रगतजन्य सेवा निःशुल्क व्यवस्थापन	४५०
२.७.२२.३७६	२२५२२	जनयुद्ध र जनआन्दोलनका शहिद/वेपत्ता परिवार, घाइते, अपाङ्ग व्यक्तिहरुको निशुल्क उपचार	१५०
२.७.२२.३८	२२५२२	डायलाइसिस सेवा सञ्चालनको लागि उपकरण मर्मत एवं कन्जुमेवल्स खरिद	३००
२.७.२२.३९२	२२५२२	डायलासिस सेवाको लागि आकस्मिक रक्तसंचार सेवा संचालन गरेबापत सोधभर्ना	१५०
२.७.२२.३९४	२२५२२	अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिका लागी CME कार्यक्रम	८४
२.७.२२.३९५	२२५२२	नर्सिङ्ग कर्मचारीका लागि मासिक CPD कार्यक्रम	६०
२.७.२२.३९६	२२५२२	५० बर्ष माथिका व्यक्तिहरुका लागी नसर्ने रोग सम्वन्धी मासिक शिविर संचालन (Blood Sugar, Creatinine, Lipid Profile test etc)	३००
२.७.२२.३९७	२२५२२	महिनाको १ पटक नसर्ने रोगको screening का लागि lab सहित स्वास्थ्य चौकीहरुमा शिविर संचालन (Urine dipstick, Blood sugar, BP monitoring)	३००
२.७.२२.३९८	२२५२२	मासिक VIA screening कार्यक्रम	६०
२.७.२२.४००	२२५२२	गर्भवती महिलाहरुको लागी अस्पतालमा नि:शुल्क USG कार्यक्रम (३ देखि ६ महिनाको गर्भवती महिला)	६००
२.७.२२.४०३	२२५२२	अस्पतालमा गुणस्तरीय सेवा संचालनका लागी न्यूनतम स्वास्थ्य सेवा मापदण्ड (MSS) कार्ययोजना कार्यान्वयन एवं संचालन (Hospital Strengthen)	३०००
२.७.२२.४०४	२२५२२	बालगृह तथा वृद्ध आश्रममा स्वास्थ्य जाँच एवं उपचार	१५०
२.७.२२.४४२	२२५२२	मातृ प्रतिक्षा गृह (Maternity Waiting Home) स्थापना एवं सञ्चालन	३०००
२.७.२२.४५८	२२५२२	डायलासिस सेवा शुरुवातको लागि आवश्यक पर्ने विविध खर्च	१०००
२.७.२२.७६	२२५२२	अति गरिव र विपन्न नागरिकहरुको लागि निशुल्क स्वास्थ्य उपचार सेवा	३००
२.७.२२.८	२२५२२	बार्षिक प्रतिवेदनको तयारी तथा छपाई	५०
७.१.२.४	२७१११	भर्ना भएका विरामीहरुको लागि खाद्यान्न	१२००
७.२.११.८	२७२१३	आकस्मिक / महामारी / विपतको समयमा आधारभुत तथा अत्यावश्यक औषधी, रिएजेन्ट लगायतका स्वास्थ्य सामाग्री खरिद	३००

नोटः स्वास्थ्य कार्यालय, लमजुङबाट खर्च हुने गरी पठाइएका माथी उल्लेखित कार्यक्रमहरू लमजुङ अस्पतालको कार्यालय कोड (३५५०६३७०१४) सुचारू पश्चात लमजुङ अस्पतालबाट नै संचालन हुनेछन् ।

अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण गर्दा ध्यान दिनु पर्ने कुराहरु

- अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षणको एकिकृत वार्षिक योजना बनाउने ।
- अनुगमन चेकलिष्टको अनिवार्य प्रयोग गर्ने ।
- विषयगत ज्ञान भएको स्वास्थ्यका कर्मचारीहरुबाट मात्र अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण गर्ने ।
- अनुगमन गर्दा सेवा रजिष्टरमा अनिवार्य सबल पक्ष तथा सुधार गर्नु पर्ने पक्षहरुलाई अनिवार्य लेख्ने ।
- अनुगमन गर्ने स्वास्थ्य संस्थाका सबै कर्मचारीहरुसँग छलफल गरी सुधार गर्नु पर्ने पक्षहरुको माईनुट गर्ने ।
- अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षणको विस्तृत प्रतिवेदन सहितको पृष्ठपोषण सम्बन्धीत स्थानिय तह र स्वास्थ्य संस्थामा पठाउने ।
- अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षणको दैनिक भ्रमण भत्ता माग गर्दा अनिवार्य रुपमा माथि उल्लेखित चेकलिष्ट सहितका प्रतिवेदनहरु पेश गरि राख्ने ।